# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## दशरथचन्द नगरपालिका

### बैतडी






महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## दशरथचन्द नगरपालिका
## बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## दशरथचन्द नगरपालिका

बैतडी

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५६७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
दशरथचन्द नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले **दशरथचन्द नगरपालिका**को आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ५ करोड ८८ लाख ५२ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १८ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५० लाख ८६ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ६३ लाख ४८ हजार र पेश्की रू. ५५ लाख ४३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ३४ करोड २५ लाख ५० हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ४० करोड १४ लाख २ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

दशरथचन्द नगरपालिका, बैतडी

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७८ | १८२ | ५८८५२ | ० | ० | ० | ७८ | १८२ | ५८८५२ | १८७५ | २६३४८ | २५०८६ | ० | ० | ५१४३४ | ५५४३ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दशरथचन्द नगरपालिका बैतडी | ३४२५५० | ० | ० | ३४२५५० | ० | ५८८५२ | ४०१४०२ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : दशरथचन्द नगरपालिका, बैतडी , दशरथचन्द नगरपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विक्रम बहादुर चन्द | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | उद्धव देव भट्ट | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५८,८५२,००८.०१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,५३,६७,८४७.५६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१,०७,४०,००० | **चालु खर्च** | ४२,९८,८३,३१७.२ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१४,४३,००० | **पूँजीगत खर्च** | १७,०१,४५,६५९.६४ |
| **राजश्व बाँडफाँट** | ९,४६,५०,०२९.७९ | **वित्तीय/अन्य व्यवस्था** | २२,४६,९९,२२१.५८ |
| **आन्तरिक आय** | ९३,८०,४३४.७३ | | |
| **अन्य आय** | २०,५६,८९,२५३.९२ | | |
| **कुल आय** | ८४,१९,०२,७१८.४४ | **कुल खर्च** | ८२,४७,२८,१९८.४२ |
| **बाँकी मौज्दात** | | ५,२५,४२,३६७.२५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५८ सभा सदस्य, १३५.१५ व.की.मी. क्षेत्रफल, ३४५७५ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल सम्पन्न भएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा वढी ग्रेड भुक्तानी भएको रू. २६,३८८। मिति २०७९।०५।०५ मा, कर कट्टि नगरेको रकम रु ४०३९। गरि जम्मा रु ३०४२७ दाखिला भएको छ। | |
| ४ | | | **वित्तीय विवरणको परीक्षण** | |
| ४.१ | | | **वित्तीय विवरण —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. १५३९६६२६।८ ले फरक देखिएको छ । | |

• धरौटीको कारोबार सुत्रमा प्रविष्टि नगरेको कारण धरौटी आम्दानी, खर्च र सदरस्याहा विश्वासनिय देखिएन ।
त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

४.२ **जिम्मेवारी फरक परेको**– स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.८३४९०४७०.४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ३५३६७८४७.५६ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ४८१२२६२२.८४ घटी जिम्मेवारी सरेको सम्बन्धमा पालिकले गत वर्षको रकम संघीय तथा प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकम रु.४८१२२६२२.८४ सम्बन्धित कोषमा फिर्ता गरे पश्चातको रकम मात्र आम्दानी बाँधेकोले उक्त अवस्था देखिएको प्रतिक्रिया प्राप्त भएको छ । फिर्ता गर्नुपर्ने रकम भए जिम्मेवारी सारेपछि पनि पठाउन सकिने भएकोले जिम्मेवारी फरक नपर्ने गरी सार्ने व्यवस्था हुनुपर्दछ ।

४.३ **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राखुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण रु.१५३९६६२६.८ बैंक खातामा बढी देखिन्छ । अत वैक हिसाव मिलान विवरण तयार गरी मौज्दात एकिन गर्नुपर्छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार२०७९।३।३१को बाँकी | बैंक स्टेटमेण्टअनुसार २०७९।३।३१ को बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचितकोष खाता | ९४७५३२.२८ | ९४७५३२.२८ | ० |
| २ | आन्तरिकराजस्व खाता | ६४०१४३६.७३ | ६४०१४३६.७३ | ० |
| ३ | बांडफांडबाट प्राप्त राजस्व खाता | ३७८४०४५.६१ | ३७८४०४५.६१ | ० |
| ४ | आन्तरिकअनुदान खाता | ० | ० | ० |
| ५ | चालुखर्च खाता | ३९२५९९५.६९ | ६८७२६१८.९५ | -२९४६६२३.२६ |
| ६ | पुजीगतखर्च खाता | ९५६६०४६.६७ | १५९६७५४३.३५ | -६४०१४९६.६८ |
| ७ | धरौटीखाता | १११७५९७७.१३ | १११७५९७७.१३ | ० |
| ८ | बिबिधकोष खाता | २२५८८३५.८५ | ८२१०६५९.०५ | -५९५१८२३.२ |
| ९ | प्रकोपव्यवस्थापन खाता | ३४५९८३. | ४४२६६६.६६ | -९६६८३.६६ |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा ३८४०५८५२.९६ ५३८०२४७९.७६ -१५३९६६२६.८ | |
| ४.४ | | | **धरौटी खाता** –पालिकाले आफुले खर्च गर्ने सम्पूर्ण खाता र कारोबारको रकम सुत्रमा प्रविष्टि गरेर मात्र खर्च लेख्नुपर्दछ । पालिकाले धरौटी कारोबारमा गत वर्षको रु.४८२८०७७।६२ समेत रु.१४६१०९९२.१३ आय प्राप्त गरेकोमा रु.३४३५०१५।० खर्च गरी रु.११९७५९७७।१३ मौज्दात कायम गरेको छ । तर धरौटी कारोबारलाई सुत्रमा प्रविष्टि नगरी म्यानुअल विधिबाट कारोबार गरेको देखिन्छ । अत धरौटी करोबारलाई पनि सुत्रमा समावेश गरी एकद्वार माध्यमबाट आम्दानी जनाइ खर्च गर्नुपर्दछ । | |
| ४.५ | | | **करकट्टी रकम बैंक दाखिला नभएको** –स्थानीय तहले विभिन्न भौचर तथा कार्यक्रममा कट्टी भएका रकम सम्बन्धित कोषमा दाखिला गर्नुपर्दछ । तर म.ले.प. फाराम नं. २७२ अनुसार पालिकाको कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी रकम रु.९८६०७।६२ बाँकी देखिएकोले कुन प्रयोजनको रकम दाखिला गर्न बाँकी हो एकिन गरी दाखिला गर्नुपर्ने रु. | ९८,६०७ |
| ४.६ | | | **अबण्डा बजेट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.६९ लाख ७० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको नगर प्रमुखको तोकआदेश तथा कार्यापालिकाको पटके निर्णयको आधारमा खर्च गरेको छ । बजेट अबण्डमा राखी सभाको निर्णय बाहिर कार्यापालिकाको निर्णय तथा नगर प्रमुख/उपप्रमुखको स्वविवेकीय निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. ६८७२६१८.९५, पुजीगत खर्च खातामा रु. १५९६७५४३.३५ र विभाज्यकोष खातामा रु. ३७८४०४५.६१ समेत गरी रु.२६६२४२०७.९१ मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी सामाग्री खरिद वितरणतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयलाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको र इ टीडिएस गरेको पाइएन।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ६० जनाको दरबन्दी रहेकोमा १६ दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

• अर्थ मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६ **बेरुजु लगत**

महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो। सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फस्यौंटका लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ ।

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १४८४४००० | १३२४३००२.२१ | २.२० |
| २ | पूर्वाधार विकास | १२५३६९००० | १०८३८२८२४.९२ | १८.०७ |
| ३ | सामाजिक विकास | ३९४१५७००० | ३७४१४६६१७.१० | ६२.३९ |
| ४ | बातावरण तथा विकास | ३६०००० | ६९६९१ | ०.०११ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १४१०३००० | १३४३३०११ | २.२४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९७१५७००० | ९०४०३८३०.६१ | १५.०९ |
| **जम्मा** | | **६४५९९००००** | **५९९६७८९७६.८४** | १०० |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६२.३९ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटी ०.०११ प्रतिशत रहेको छ । | |
| ८ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.९३८०४३४।७३ राजस्व बाँडफाँड र अनुदानबाट रु.८६२६२९०७५।० समेत रु.८७२००९५०९।० आम्दानी भएकोमा चालु तर्फ रु.४२९८८३३१७।० र पूँजिगत तर्फ रु.१७०१४५६५९।६४ समेत रु.८१७३००२७०।० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१५ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.९६०६५००।० खर्च भएको छ जुन आन्तरिक आयको १०२.४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१.६४ प्रतिशत चालु र २८.३६ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ९ | | | **रकमान्तरः**<br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेतअन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाको बिनियोजन ऐनमा रकमान्तरको प्रावधान रहेको छैन । यस नगरपालिकामा कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू ३ करोड ९४ लाख ७६ हजार अर्थात कुल बजेट रू६१ करोड २ लाख ५९ हजारको ६.४७ प्रतिशत रकमाान्तर गरी खर्च गरेको छ र सोको लागी नगरसभाको स्वीकृति लिएको छैन । नगरपालिकाको बिनियोजन ऐनमा ब्यवस्था बिना एक शिर्षकबाट शतप्रतिशत सम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| १० | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ११ | | | **चौमासिक पूँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | ४२९५३३३१७ | ११६८२६४६० | ११२२५९४९२ | २००४४७३३८ | १७६७५५९२ |
| २ | पूँजिगत खर्चतर्फ | १७०१४५६५९ | ६३५६००० | ६६२८२२९७ | ९७५०७३६२ | ५३५९५२१४ |
| | जम्मा | ५९९६७८९७६ | १२३१८२४६० | १७८५४१७८९ | २९७९५४७०० | ७१२७०८०६ |
| | प्रतिशत | १०० | २०।५४ | २९।७७ | ४९।६८ | ११।८८ |

उल्लेखित विवरणअनुसार बार्षिक रु.५९९६७८९७६।० निकासा भएकोमा प्रथम चौमासिकमा रु. १२३१८२४६०अर्थात २०।५४ प्रतिशत, दोश्रो चौमासिकमा रु. १७८५४१७८९।० अर्थात २९।७७ प्रतिशत र तेश्रो चौमासिकमा रु.२९७९५४७००।० अर्थात ४९।६८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ महिनामा मात्र रु. ७१२७०८०६।० अर्थात ११।८८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१२ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री मिना चन्दले मिति २०७८।०३।८ गते रु.६१ करोड २ लाख ५९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।३।८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१३ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **गत बर्षको दायित्व**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था ३० वटा संस्था/व्यक्ति/फर्महरुलाई रु.१०५३७४८७।० भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| १५ | | | **कल्याण कोष —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.४५ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन । | |
| १६ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ४४ जना मात्र पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, सिनियर डिभिजन इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १७ | | | **कर्मचारी करार —**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ९९ जना कर्मचारीहरु करारमा राखि रु१ करोड ८७ लाख खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ४० जना करार नियुक्ति गरी बर्षभरीमा रु १ करोड १ लाख भुक्तानी गरेको छ । यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| १८ | | | **वडा सचिवको पदपूर्ति -** | |

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ११ | ११ | ७ | ४ |

१९ **कानून र सञ्चालन स्थिति —**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ३ वटा नियमावली, १० कार्यविधि लगायत २६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले २६ कानुन निर्माणको विवरण पेश गरेता पनि ९ वटा कानून सभाबाट स्वीकृत भएको र राजपत्रमा प्रकाशित भएको मितिको विवरण उल्लेख गरेको छैन । निर्माण भएका कानुनको विवरण अध्यावधिक राख्नुपर्दछ ।

२० **न्यायीक समिति —**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर यस आर्थिक वर्षमा न्यायिक समितिमा कुनै मुद्दा दर्ता भएको विवरण प्राप्त भएन ।

२१ **खाना तथा विविध खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२३,९८,०००।० खर्च गरेको छ । उक्त खर्च आन्तरिक आय रु.९३८०४३४।७३ को २५।५६ प्रतिशत रहेको छ विविध खर्च घटाउँदै जाने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

२२ **आर्थिक सहायता —**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.५००। देखि रु.५००००।का दरले १०४ जनालाई आर्थिक सहायता वितरण गरी रु.८०००००। खर्च लेखेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । उक्त आन्तरिक आइ रु.९३८०४३४।७३ को ८।५३ प्रतिशत रहेको छ । आर्थिक सहायता दिने कार्यलाई घटाउँदै लैजानु पर्दछ ।

२३ **प्रयोजन नखुलेको धरौटी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो, सो काम पुरा भई प्रचालित कानुन बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने भएमा सम्वन्धित अधिकारीले प्रचलित कानुन वा करारको शर्तनामामा म्याद

| | | | | |
|---|---|---|---|---|
| | | | तोकिएको भए सो म्यादभित्र र म्याद नतोकिएको भए तीस दिनभित्र निर्णय गरी त्यस्तो धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयको नाममा २०७८।३।३२ सम्मको बिभिन्न व्यक्ति फर्म वा संस्थाको नाममा रु.१,११,७५,९७७।१३ धरौटी बाँकी रहेकोमध्ये २०५४ साल देखि नै प्रयोजन समेत एकिन नभएका धरौटी रकम समेत रहेको देखिएकोले आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ६४,६५,६६ र ६७ समेतको प्रकृया पुरा गरी राजश्व सदरस्याहा गर्नुपर्ने देखिन्छ ।. | |
| २४ | | | **धरौटी रकम राजश्व दाखिला**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम ६६. बमोजिम कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ बमोजिम जफत वा कट्टा नहुने वा नियम ६७ बमोजिम राजस्व दाखिला नहुने भए त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यबस्था छ ।धरौटी रकम फिर्ता लिनको लागि प्रचलित कानूनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनु पर्ने व्यबस्था छ । सो व्यहोरा अनुसार धरौटी फिर्ता दिनु नपर्ने अबस्था सृजना भई राजस्व खातामा दाखिला गर्नुपर्ने भएमा सम्वन्धित अधिकारीले प्रचलित कानुन वा करारको शर्तनामामा म्याद तोकिएको भए सो म्यादभित्र र म्याद नतोकिएको भए तीस दिनभित्र निर्णय गरी त्यस्तो धरौटी रकम राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले बाँकी धरौटी देखाएकोमध्ये रु.२९,५५,८७७।११ को नामनामेशी नखुल्नुका साथै प्रयोजन समेत नखुलेकोले उक्त धरौटी रकम राजश्व दाखिला हुनुपर्दछ रु. | २,९५५<br>,८७७ |
| २५ | | | **नगदी रसिदको अबस्था** | |
| २५<br>.१ | | | यस पालिकाले यस आ ब मा बिभिन्न क्रम संख्याका ६५ थान नगदी पायड प्रयोग गरी बिभिन्न वडाबाट कुल रु.११,२५,५७५। अशुल गरी राजश्व दाखिला गरेको उल्लेख छ । नगदी रसिद सम्बन्धमा देखिएका व्यहोरा निम्न छन रु. | १,१२५<br>,५७५ |
| २५<br>.२ | | | कुल ६५ थान पायड प्रयोग गरेको भने पनि नगदी रसिदको विबरण ६९ थान खर्च गरेकोले ४ थान पायड नगदी रसिदको आय पालिकामा प्राप्त भएको छ भन्ने अबस्था रहेन । यस सम्बन्धमा पालिकाबाट एकिन गरी सबै नगदी रसिद पालिकाको प्रयोजनमा प्रयोग गरी प्राप्त आय पालिकाको आयमा समाबेश भएको सुनिश्चितता हुनुपर्दछ । | |
| २५<br>.३ | | | पालिकाले ६५ पायड नगदी रसिद प्रयोग गरेको जनाएकोभध्ये निम्न पायडका नगदी रसिदको जोडजम्मा गर्दा अशुल रकमभन्दा कम दाखिला गरेको देखिएको छ । | |

| **नगदी रसिदको विबरण ( देखि- सम्म)** | **जोडजम्माबाट देखिएको अशुली** | **दाखिला गरेको रकम** | **घटी दाखिला गरेको रकम** |
|---|---|---|---|
| ३३५१-३४०० | १८४५०। | १७६५०। | ८००। |
| ३८५१-३९०० | ६७२५। | ६५७५। | १५०। |
| २३०१-२३५० | ९६७५। | ८२३१। | १४४४। |

| | | | |
|---|---|---|---|
| २४०१-२४५० | १४०२५। | १२३००। | १७२५। |
| ३२५१-३३०० | १२७५०। | १२६७५। | ७५। |
| जम्मा | ६१६२५ । | ५७४३१। | ४१९४। |

उक्त व्यहोराका आधारमा अशुल गरेको रकम समयमै यथार्थरुपमा अशुल गरी दाखिला गरेको छ भन्ने अबस्था रहेन । यस सम्बन्धमा कार्यालयले सबै नगदी रसिदबाट अशुल गरेको रकम यथार्थरुपमा दाखिला भए नभएको एकिन गर्नुपर्दछ ।

२६

**कार्य योजना स्वीकृत नगरेको**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनुपर्दछ ।

२७

**जे सि भि मेसिन भाडा**

पालिकाबाट पेश भएको विबरण अनुसार २०७५।७६ देखिको निम्न अनुसारको जे.सि.भि. मेसिनको भाडा असुल हुन बाँकी रहेको विबरण पेश भएको छ रु ६३२,०००

| सि.नं | व्यक्तिको नाम | ठेगाना | चलेको घण्टा | मिति | रकम |
|---|---|---|---|---|---|
| १ | सुन्दरखाली फिल्ड कटिङ (नर ब. चन्द बस्कोट) | वा. नं५ | ७ | २०७५/७/१९ | १०,५००।- |
| २ | वडा नं ४ का वडाध्यक्ष ज्यूको आदेश अनुसार माडाला सडकको सरसफाई | वा. नं४ | ७ | २०७५/७/२८ | १०,५००।- |
| ३ | मेयर सरको आदेश अनुसार देहिमाण्डौं शाखा सडक सफाई | वा. नं२ | ५२ | २०७५/९/३ | ७८,०००।- |
| ४ | मेयर सरको आदेश अनुसार भरतबाटा सडक निर्माण | वा. नं८ | ६५ | २०७५/०८/०९ | ९७,०००।- |
| ५ | ७ नं वडाध्यक्ष ज्यूको आदेश अनुसार फिल्ड कटिङ | वा. नं७ | ६१ | २०७५/११/१८ | ९१,५००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सेरा सडक वडाध्यक्ष गजेन्द्र रावतको हस्ते | वा.नं६ | १६ | २०७५/१२/१३ | २४,०००।- |
| ७ | क.स. सन्तोष गहतराज हस्ते, सत्संग भवनमा काम | वा.नं४ | १६.५ | २०७६/१/२४<br>२०७७/२/२० | २९,०००।- |
| ८ | जोशिबुंगा सडक सफाई वडाध्यक्ष ज्यूको हस्ते | वा.नं९ | १८.५ | २०७६/१/२९ | ४५,७५०।- |
| ९ | सुन्नाखान तिचौरा सडक सफाई, तर्कराज जोशी मेयर उपमेयरको आदेशअनुसार | वा.नं९ | १६ | २०७६/२/२ | ३६,५००।- |
| १० | बिनासौ पहिरो सफाई वडाध्यक्षको आदेशानुसार | वा.नं४ | ६ | २०७५/७/१९ | ९,०००।- |
| ११ | वडाध्यक्षको सिफारिसमा | वा.नं२ | ३६ | २०७६/४/४ | ५४,०००।- |
| १२ | इश्वरी गंगा सडक | वा.नं४ | १९ | २०७६/६/१० | २८,५००।-(१३३ लि तेलसहित) |
| १३ | तितरागाउँ सडक | वा.नं६ | १६ | २०७६/६/१५ | २४,०००।-(११२ लि तेल सहित) |
| १४ | सिमतडी सडक सफाई | वा.नं६ | २ | २०७६/७/२ | ३०००।-(१४ लि तेल सहित) |
| १५ | माडाला सडक | वा.नं४ | ८ | २०७६/७/२ | १२,०००।-(५६ लि तेल सहित) |
| १६ | नर बहादुर चन्द ( उ.बा.अ) | वा.नं५ | टिपर भाडा(२ दिन) | २०७६/८/२४,२५ | १२,०००।- |
| १७ | देव चन्द, भाडीपौडा कापडीगाउँ सडक निर्माण, मेयरको आदेश, विक्रम चन्दको आदेशसानुसार | वा.नं८ | ४४.५ घण्टा | २०७८/११/२० देखि | ६६७५०।- |
| जम्मा | | | | | ६३२,००० ।- |

बिगत बर्षदेखिको अशुल हुन बाँकी रकम आबश्यक कारबाही गरी सुद समेत गणना गरी अशुल गर्नु पर्दछ ।

<table>
<tr><td>२८</td><td></td><td></td><td>आन्तरिक आयतर्फ</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>निरीक्षण नभएको - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाइएन ।यस्तो अबस्था यस कार्यालयलाई प्राप्त हुनु पर्ने सबै राजश्व प्राप्त भई कानूनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>मापदण्डको पालना — ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन, बिक्री तथा व्यबस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम व्यबसायीले शुल्क उठाउने रसिदहरु ठेकेदारले आफ्नैतर्फबाट छपाई गरी पालिकाबाट प्रमाणित गरी प्रयोगमा ल्याउनु पर्ने सो अनुसार गरेको नदेखिएको, नदीजन्य पदार्थ संकलन क्षेत्रमा सम्झौता लगायतका शर्त पालन भए नभएको अनुगमन नभएको, ठेक्का लिने व्यबसायी अनिबार्यरुपमा मु अ करमा दर्ता हुनु पर्नेमा सो अनुसार प्रमाण पेश नभएको, संकलन क्षेत्रमा तोकिए बमोजिमको सूचना पाटी राखु पर्नेमा राखेको प्रमाण पेश नभएको देखिन्छ । नदीजन्य पदार्थ संकलनको लागि ठेक्कापट्टाको कार्य गर्दा तोकिएका सबै पालना अनिबार्यरुपमा पालना गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>सुचना अनुसार नगरेको - यस पालिकाले बालुवा संकलनका लागि सूचना प्रकाशन गर्दा कबोल रकमको ५० प्रतिशत अग्रिमरुपमा बुझाई ५० प्रतिशतको बैंक ग्यारेन्टी पेश गर्नु पर्ने गरी सुचना प्रकासन गरे पनि ठेक्का सम्झौता गर्दा बैक ग्यारेन्टी पेश गर्न नलगाइ ठेक्का सम्झौता गरेको देखियो । सुचना प्रकाशन गर्दा बैक ग्यारेन्टी माग गर्ने तर सम्झौता गर्दा सो बेगर नै सम्झौता गर्ने कार्य मनासिब देखिएन । यस्ता कार्यमा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.४</td><td></td><td></td><td>रोयल्टी दर — यस पालिकाले वालुवा संकलनका व्यबसायीले प्रति ट्रक रु.१२००।, प्रति टिपर रु.१२००।, प्रति टेक्टर रु.१०००।, प्रति जीप रु.८००। का दरले रोयल्टी संकलन गर्न पाउने गरी सम्झौता गरेको देखियो । प्रति सवारी साधनको भारबहन क्षमता समेतका आधारमा रोयल्टी दर निर्धारण गर्नु पर्नेमा तुलनात्मकरुपमा बढी भार परीमाण संकलन गर्ने साधनको कम रोयल्टी निर्धारण गरेको देखियो । यस्तो प्रकृयाले रोयल्टी निर्धारण गर्ने प्रकृयामा सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.५</td><td></td><td></td><td>सुद अशुल हुन बाँकी - यस पालिकाले उल्लेखित तालिकाका व्यबसायीले ५० प्रतिशत रकम अग्रिम बुझाएर सम्झौता गर्नु पर्ने २५ प्रतिशत फागुन मसान्तसम्म र २५ प्रतिशत बैसाखसम्ममा बुझाउनु पर्ने गरी सम्झौता गरेको छ ।तर लेखापरीक्षण क्रममा निम्न अनुसार ढिला गरी बुझाएकोले रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० बमोजिम बार्षिक १० प्रतिशतका दरले हुने सुद रकम अशुल गर्नुपर्ने रु.
<table>
<tr><th>व्यबसायी</th><th>न्युनतम कायम रकम</th><th>कबोल रकम</th><th>अशुल रकम</th><th>सुद रकम</th></tr>
<tr><td>भवान सिँह वोहरा</td><td>४,००,०००।</td><td>४,००,५००।</td><td>४,००,०००।</td><td>५०४१।</td></tr>
<tr><td>आयुमा एण्ड आकृति कन्स्ट्रक्सन प्रा लि</td><td>८,००,०००।</td><td>८,००,३००।</td><td>४,००,०००।</td><td>२०,१६४।</td></tr>
</table></td><td>२५,२०५</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | १२,००,०००। | १२,००,८००। | ८,००,०००। | २५,२०५। | |

२८.६ अशुल हुन बाँकी — यस पालिकाले यस बर्ष लगायका आय ठेक्काको कबोल रकम, अशुली रकम तथा अशुल हुन बाँकी रकमको अबस्था निम्न अनुसार रहेको देखिएकोले अशुल हुनु पर्ने रु. ४००,८००

| कामको विबरण | व्यबसायी | न्युनतम कायम रकम | कबोल रकम | अशुल रकम | अशुल हुन बाँकी रकम | मु अ कर |
|---|---|---|---|---|---|---|
| वडा नं ८ महाकाली नदीको मौरा बगरबाट वालुवा निकासी | आयुमा एण्ड आकृति कन्स्ट्रक्सन प्रा लि | ४,००,०००। | ४,००,५००। | ४,००,०००। | ५००। | ५२,०६५। |
| वडा नं ६ को सेरा, महाकाली र चौलानी नदीको बगरबाट वालुवा निकासी | भवान सिँह वोहरा | ८,००,०००। | ८,००,३००। | ४,००,०००। | ४,००,३००। | १,०४,०३९। |
| जम्मा | | १२,००,०००। | १२,००,८००। | ८,००,०००। | ४,००,८००। | १,५६,१०४। |

२८.७ **असुली गर्न बाँकी भाडा —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष भाडा बन्दोबस्त गरेकोमध्ये निम्न अनुसारको सम्झौतामा भाडा रकम(गत बर्ष बेरुजू कायम रकम बाहेक) अशुल हुन बाँकी रहेकोले प्रचलित कानुन तथा सम्झौता अनुसार लाग्ने थप रकम समेत एकिन गरी असुल गर्नुपर्ने रु. १३०,१५०

| **सि.नं.** | **ठेकेदारको नाम** | **आय ठेक्काको नाम** | **सम्झौता रकम** | **दाखिला रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|---|
| १ | देबु ठगुन्ना | सटर भाडा | | | ४६,१५०।० |
| २ | श्याम राम लोहार | शौचालय | १२०००।० | ० | १२०००।० |
| ३ | सिध्दराज | पवन दुत | २४०००।० | ० | २४०००।० |
| ४ | उत्तमराज जोशि | सुदुर प | २४०००।० | ० | २४०००।० |
| ५ | करन सि खत्री | महाकालि | २४०००।० | ० | २४०००।० |
| | | | | **जम्मा** | **१,३०,१५०।००** |

<table>
<tr><td>२८.८</td><td></td><td></td><td>घर नक्शा पास –पालिकाले घर नक्शा पारितका लागि घरको बनौट तथा आवासिय र व्यापारिक प्रयोजनका लागि भनि न्युनतम ५० पैसा देखि रु.३।५० सम्म प्रति स्क्वायर फिट शुल्क लिने तर अभिलेखिकरणका लागि भए उक्त दरको दोब्बर शुल्क लिने गरेको पाइयो । उक्त दर २०७० सालमा निर्धारण गरेको दर भएकोले अझै पनि उक्त दर नै प्रयोगमा ल्याइ रहनु मनासिब देखिदैन । घर नक्शा पास शुल्कलाई समयानुकुल परिमार्जन गर्दै लैजाने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.९</td><td></td><td></td><td>परिमाण एकिन नगरेको — आइ इ इ प्रतिबेदन अनुसार उक्त दुबै ठेक्काका बालुवा संकलकले दैनिक ९७.३९ घनमिटरका दरले बार्षिक २६२९५ घनमिटर संम्म बालुवा संकलन गर्नसक्ने उल्लेख छ । तर उक्त परीमाण भित्र नै रहेर संकलन गरे नगरेको सम्बन्धमा कार्यालयबाट कुनै अनुगमन मुल्याँङ्कन गरेको छैन । आइ इ इ प्रतिबेदन अनुसार तोकिएको सीमा भित्र नै संकलन भएको छ भनि सुनिश्चितता गर्नका लागि अनुगमन मुल्याँङ्कन समेत नियमितरुपमा गर्ने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८.१०</td><td></td><td></td><td>मु कर अशुली तथा दाखिला - मुल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं ३३११७ मा दाखिला गर्नु पर्ने थप कानुनी व्यबस्था रहेको छ । तपशीलका ठेक्कामा निम्न अनुसार मु अ कर ऐन अनुसार लाग्ने थप दस्तुर,व्याज र जरिवाना सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरि सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट प्रमाणित गरी दाखिलाको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><td>व्यबसायी</td><td>न्युनतम कायम रकम</td><td>कबोल रकम</td><td>मु अ कर</td></tr>
<tr><td>आयुमा एण्ड आकृति कन्स्ट्रक्सन प्रा लि</td><td>४,००,०००।</td><td>४,००,५००।</td><td>५२,०६५।</td></tr>
<tr><td>भवान सिँह वोहरा</td><td>८,००,०००।</td><td>८,००,३००।</td><td>१,०४,०३९।</td></tr>
<tr><td></td><td>१२,००,०००।</td><td>१२,००,८००।</td><td>१,५६,१०४।</td></tr>
</table></td><td>१५६,१०४</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>पार्किङ भाडा</td><td></td></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>यस पालिकाले आर्थिक बर्ष २०७७।७८ मा बार्षिक रु ११००००। शुल्क बुझाउने गरी संजिबलाल शाहासँग सम्झौता भएको देखिए पनि २०७८।७९ मा ठेक्का नलगाइएको अर्थात सम्झौता नगरेको भनि कुनै रकम अशुल गरेको पाइएन । तर आर्थिक बर्ष २०७९।८० का लागि सोही व्यबसायीले २०७६ श्रावण देखि बस पार्कमा पार्किङ्ग शुल्क अशुल गरी राखेकोले २०७९।८० का लागि २०७७।७८ मा बार्षिक रु ११००००। को सम्झौता रकममा १० प्रतिशत थप गरी ठेक्का सम्झौता गर्न सकिने व्यहोरा रहेको भनि ठेक्का सम्झौता गरेको देखियो । उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्</td><td></td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>आर्थिक बर्ष २०७७।७८ मा बार्षिक रु ११००००। शुल्क बुझाउने गरी सम्झौता भएको र उक्त सम्झौतामा प्रति बर्ष १० प्रतिशत भाडा बृद्धि गरी सम्झौता गर्न सकिने सम्झौता भएको र व्यबसायीले २०७७।७८ देखि पार्किङ्ग शुल्क अशुल गरी रहेको भनि निबेदनसमेत दिएको आधारमा आर्थिक बर्ष २०७८।७९ का लागि १० प्रतिशतले थप हुने रकमसमेत समाबेश गरी रु.१२१,०००। मुल्य अभिबृद्धि कर रु.१५,७३०। समेत अशुल गरी सम्बन्धित खातामा जम्मा गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । प्रतिस्पर्धा नगराइ दुई आ ब अगाडिको दरलाई आधार मानी १० प्रतिशतमात्र शुल्क बृद्धि गरी सम्झौता गर्ने र २०७८।७९ पार्किङ्ग शुल्क अशुल गरी रहेको भनि व्यवसायी निबेदन दिँदा समेत अशुलीका लागि पालिकाबाट कुनै पहल नगर्ने कार्य मनासिब देखिएन । यस्ता कार्य गर्नेलाई जिम्मेवार</td><td>१३६,७३०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | बनाई आइन्दा यस्ता कार्य नहुने सुनिश्चितता सहित २०७८।७९ का लागि हुने रकममा प्रचलित प्रचलित कानुन तथा सम्झौता अनुसार लाग्ने थप रकम समेत एकिन गरी असुल गर्नुपर्ने रु. | |
| २९.३ | | | उल्लेखित पार्किङ्ग ठेक्कामा २०७७।७८ मा रु.११००००। सम्झौता भएको र सो सम्झौतामा १० प्रतिशत थप गरी भाडा सम्झौता गर्न सकिने व्यवस्था भएको आधारमा २०७८।७९ मा रु.१,२१,०००। मा सम्झौता गर्न सकिने र २०७९।८० का लागि २०७७।७८ कै सम्झौताको व्यहोरा कायम रहेको मान्दा रु.१,३३,१००।शुल्क बुझाउने गरी सम्झौता गर्न सकिनेमा सो अनुसार नगरी रु. १,२१,०००।मात्र बुझाउने गरी सम्झौता गरेकोले पालिकालाई बार्षिक आय रु.१२,१००। घटन जाने अबस्था देखिन्छ । प्रतिस्पर्धा नगराइ दुई आ ब अगाडिको दरलाई आधार मानी १० प्रतिशतमात्र शुल्क बृद्धि गरी सम्झौता गर्ने र २०७८।७९ पार्किङ्ग शुल्क अशुल गरी रहेको भनि व्यवसायी निबेदन दिँदा समेत अशुलीका लागि पालिकाबाट कुनै पहल नगर्ने कार्य मनासिब देखिएन । यस्ता कार्य गर्नेलाई जिम्मेवार बनाई आइन्दा यस्ता कार्य नहुने सुनिश्चितता हुनुपर्दछ । | |
| ३० | | | **कन्टिन्जेन्सी**<br>सार्वजनिक खरिद नियमावली , २०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था अनुसार यस आर्थिक बर्षमा कुल रु. ४४ लाख ३४ हजार खर्च भएको जनाएको छ । कन्टिन्जेन्सी खर्च गर्दा वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यकालागि खर्च गरेको जनाए पनि योजनागतसहित कुल खर्च देखिने गरी अभिलेख राखेको छैन । खर्च गर्दा निर्माणसँग सम्बन्धित प्रत्यक्ष कार्यमामात्र खर्च गर्नुपर्नेमा दैनिक भ्रमण भत्ता, इन्धन खर्च, मर्मत, स्टेशनरी, सूचना प्रकाशन तथा बिबिध खर्चसमेत सार्वजनिक निर्माणबाट खर्च लेखेको देखिएकोले खर्चको संकेत तथा बर्गीकरण अनुसार मेल खाने देखिएन । यसका अतिरिक्त सुपरभाइजरको छनौट प्रक्रिया, योग्यता, निजहरुले सम्पादन गर्नुपर्ने कामको विवरण आदि स्पष्ट मापदण्ड तथा आधार निर्धारण भएको देखिदैन । अत कन्टिन्जेन्सी खर्च स्पष्ट आधार तथा मापदण्ड बेगर गर्नु मनासिब देखिदैन कन्टिन्जेन्सी खर्चको अभिलेख तथा खर्च गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ । | |
| ३१ | | | **ठेक्का व्यवस्थापन** | |
| ३१.१ | | | यस पालिकाले यस आर्थिक बर्षमा निम्न विबरण अनुसारको कार्य ठेक्कापट्टाको माध्यमबाट काम गराएको विवरण उपलव्ध गराएको छ । (रकम रु हजारमा मु अ कर समेत) | |

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायी | कार्य सम्पादन जमानतरकम | कार्य सम्पादन जमानत | पेस्की जमानत | पेस्की जमानतको म्याद | सम्झौता मिति | काम शुरु गर्नुपर्ने मिति | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप कायम मिति | कार्य सम्पन्न भएको मिति | लागत अनुमान रकम | सम्झौता रकम | हालसम्म भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | को म्याद | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 06/2076/077 | ८नम्बर वडा कार्यालय भवन निर्माण | कैलाशकन्स्ट्रक्सन | 1401 | ८अगस्त, २०२३ | 1600 | ९अप्रिल, २०२१ | ९जुलाई, २०२० | ०३/२२/२०७७ | | ०३/१९/२०७९ | ०३/१९/२०७९ | 12107 | 8320 | 7020 |
| 01/2077/078 | जोशीबुङ्गा बिद्यालय भवन निर्माण | संगम निर्माण सेवा | 1595 | ०४/३०/२०८० | 730 | ३० डिसेम्बर,२०२१ | ०७/२०/२०७७ | ०७/२७/२०७७ | २०/७८/३/३० | ०३/२८/२०७८ | ०३/२०/२०७९ | 115521 | 7338 | 6488 |
| TB-1/2078/79 | झोलुंगे पुल स्टिल पाट्र्स खरिद | जुनकिरी इन्डस्ट्रिज प्रा.लि. | 107 | २६मार्च, २०२३ | 0 | | ४ मार्च,२०२२ | ११/३०/२०७८ | ३ जुन, २०२२ | | ०२/२०/२०७९ | 2133 | 2129 | 2129 |
| Works/01/ 2079/80 | जोशीबुङ्गा बिद्यालय भवन निर्माण | लक्षिमन् & ब्रदर्स कन्स्ट्रक्सन | 1130 | १२/२६/२०७९ | 729 | ४ जुलाई, २०२२ | १४ मार्च,२०२२ | १४ मार्च, २०२२ | ४ जुलाई, २०२२ | २० जुन,२०२२ | नभएको | 7078 | 4173 | 3903 |
| 02/2078/79 | बहुउद्देशीय भवन निर्माण | न्यू ड्राईगन/फ्युचर ल्याण्ड जे.भी. | 21745 | १५ अक्टुबर, २०२४ | 6520 | १५ डिसेम्बर. २०२२ | १२/०२/२०७८ | १२/२५/२०७८ | ०६/०२/२०८० | | चालु | 44690 | 37404 | 5386 |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 03/2078/79 | मल्लीअईत भ्युचुला सडक मर्मत | निशा & मनिषा निर्माण सेवा | 969 | १२/१७/२०७९ | - | | ४ मार्च,२०२२ | ४ मार्च, २०२२ | ४ जुलाई,२०२२ | | नभएको | 6165 | 3637 | 1196 |
| 04/2078/79 | खोलि जर्ग सडक निर्माण | बिग बि & कम्पनि, | 505 | १५ अगस्त, २०२३ | 413 | १६ जुलाई,२०२२ | १९ अप्रिल, २०२२ | १९ अप्रिल, २०२२ | ४ जुलाई, २०२२ | | नभएको | 5,049 | 4136 | 1,013 |

उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

३१.२ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ। उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार बीमा भएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ ।

३१.३ सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

| | | | | |
|---|---|---|---|---|
| ३१.४ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । | |
| ३१.५ | | | निर्माण कार्यलाई गुणस्तरयुक्त बनाउन निर्माण व्यवसायीले पेश गरेको Quality Assurance Plan बमोजिम गर्नुपर्ने गुणस्तर परीक्षणको प्रकार र पटक अनुसार परीक्षण भए नभएको सम्बन्धमा सम्बन्धित साइट इन्जिनियरले कुनै उल्लेख गर्ने गरेको छैन । तसर्थ प्रत्येक बिलको भुक्तानीमा प्राविधिक नापजाँच एवं मुल्यांकनको अतिरिक्त उक्त भुक्तानीबाट भएको कार्यमा सम्बन्धित साइट इन्जिनियरबाट गुणस्तर परीक्षण गर्नुपर्ने र परीक्षण गरेको प्रत्येक पटक स्पष्टरुपमा खुलाई सिफारिस साथ भुक्तानीको लागि पठाउने व्यवस्था गर्नुपर्दछ ।माथि तालिकामा उल्लेखित ठेक्कामध्ये क्र. सं. ५ मा उल्लेखित काम बाहेक अन्यको गुणस्तर परीक्षण गरेको समेत पाइएन । सबै कार्यको गुणस्तर परीक्षण गर्ने गराउने व्यबस्था गरी निर्माण गरेको कार्यको गुणस्तरको सुनिश्चितता हुने व्यबस्था हुनुपर्दछ । | |
| ३१.६ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२क -६_ मा रहेको छ । यस पालिका अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३१.७ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार कार्य तालिका अद्यावधिक गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ३१.८ | | | ठेक्का नं 02/2078/79 बाट बहुउद्देशीय भवन निर्माण कार्यका निर्माण व्यबसायी न्यू ड्राईगन/फ्युचरल्याण्ड जे.भी. ले पी एस आइटम वाट भुक्तानी पाउनका लागि बीमाको प्रतिलिपि विल पेश गरेकोमा उक्त ठेक्का सब कन्टयाक्टर जय माँ निङ्गलासैनी निर्माण सेवा बाट गराई उसैको नामबाट बीमा गरेको देखिएकोले पालिकाको | |

<table>
<tr><td></td><td></td><td></td><td>स्वीकृति बेगर सब कन्ट्याटबाट काम गराउनु ठेक्का सम्झौता बिपरीत देखियो । पालिकाको स्वीकृत बेगर सब कन्ट्याटबाट काम गराउनु मनासिब नदेखिएकोले यस सम्बन्धमा यथार्थता यकिन गरी पेश हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१.९</td><td></td><td></td><td>निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौतामा प्रोभिजनल सम बापत व्यवस्था गरिएको रकम खर्च गर्दा त्यस्तो कार्यमा भएको यथार्थ खर्चको विल विजक पेश गरी भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले निम्न कार्यका लागि सम्झौताको शर्त अनुसार प्रोभिजनल समको वापतको रकम भुक्तानी गरेको पाईयो । त्यस्तो कार्यमा भएको खर्चको यथार्थ सक्कल विल विजक पेश गरी भुक्तानी दिनु पर्नेमा सक्कल विल बिजक पेश नगरी भुक्तानी दिएकोले भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>ठेक्का नं</th><th>निर्माणको विवरण</th><th>निर्माण सेवा</th><th>बापत</th><th>रकम मु अ कर समेत</th><th>बिल पेश रकम</th></tr>
<tr><td>02/2078/79</td><td>बहुउद्देशीय भवन निर्माण</td><td>न्यू ड्राईगन/फ्युचरल्याण्ड जे.भी.</td><td>बीमा</td><td>१८५६२५।९०</td><td>पेश नभएको</td></tr>
</table></td><td>१८५,६२५.९</td></tr>
<tr><td>३१.१०</td><td></td><td></td><td>जोशीबुङ्गा बिद्यालय भवन निर्माणका लागि दुई प्याकेजमा निर्माण कार्य भई रहेकोमा भवन निर्माण क्रममा थप पर्खाल निर्माण गर्नुपर्ने अवस्था सृजना भएको भनि ठेक्का सम्झौता भइ सकेका दुइ व्यवसायीमध्येबाट भेरियसन आदेश जारी गर्दा प्रतिस्पर्धाको माध्यमबाट प्राप्त भएको दरमानै काम गराउन सकिनेमा न्यु जगदम्बा निर्माण सेवाबाट लागत अनुमानकै हाराहारीमा रु.७०८,५४२।२१ भुक्तानी दिएर सोझै काम गराएको पाइयो । त्यस्तै सोही स्थानमा काम गरी रहेका ठेक्का नं Works/01/2079/80 का निर्माण व्यबसायी लक्ष्मिन् & ब्रदर्स कन्स्ट्रक्सनबाट लागत अनुमानकै हाराहारीमा फिल्ड कटीङ्गको काम गरेको भनि रु.९,४४,९३२।४० भुक्तानी दिएर सोझै काम गराएको देखियो । प्रतिस्पर्धाको माध्यमबाट ठेक्कापट्टा गरी प्राप्त दररेट बाटै भेरियसन आदेश जारी गरेर काम गराउन सकिने वा नसकिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरी सोझै काम गराएको कार्य मितव्ययीरुपमा प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरी गरेको भन्ने अवस्था रहेन । यस्तो प्रकृयाबाट गरेको कार्य नियमित देखिएन रु.</td><td>१,६५३,४७४.६१</td></tr>
<tr><td>३१.११</td><td></td><td></td><td>माथी तालिकामा उल्लेखित ठेक्का मध्ये क्र सं ६ र ७ मा उल्लेखित ठेक्का प्रदेश सरकार समपुरक र क्र सं ४ मा उल्लेखित ठेक्का संघीय सरकारको बिषेश अनुदानबाट भुक्तानी हुने गरी तीन कार्यको लागि कुल रु.१ करोड १९ लाख ४६ हजार भुक्तानी दिने गरी निर्माण सुरु गरी यसै आर्थिक बर्षमा निर्माण कार्य सम्पन्न गर्ने गरी काम सुरु गरेकोमा कुल रु.६१ लाख १२ हजारको काम सम्पन्न गरी भुक्तानी दिइ सके पनि अझै रु.५८ लाख ३४ हजारको काम सम्पन्न गर्न बाँकी रहेको अबस्थामा आगामी बर्षका लागि बजेटको सुनिश्चितता नभएकोले काम अधुरै रहेको छ । यस सम्बन्धमा यस पालिकाको २०७९।३।३० को निर्णयले उक्त कार्यको कुन अबधिसम्म निर्माण अबधि थप गर्ने नखुलाई म्याद थप गर्ने निर्णय गरी संघ र प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरेको भए पनि लेखापरीक्षण समय २०७९।५।१० सम्ममा बजेट माग गरेको छैन । यस्तो अबस्थामा उक्त कार्यका लागि भएको खर्चको उच्चतम सदुपयोग भएको भन्ने अबस्था रहेन । उक्त कार्यका लागि आबश्यक बजेटको व्यबस्था गरी कार्य सम्पन्न गरी प्रमाण पेश हुनुपर्ने रु</td><td>६,११२,०००</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत खरिद</td><td></td></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभए पनि नापजाँच गरी भुक्तानी दिएको देखिएको छ । यस्तो कार्य नियमानुसार नभएकोले सुधार हुनुपर्दछ । | |
| ३२.२ | | | **खर्च सार्वजनिकीकरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आपूmले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिमार्फत निर्माण गरेका सबै योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पुर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । नियममा भएको व्यवस्था अनुसार सबै प्रकृया पुरा गरी उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ । | |
| ३२.३ | | | **कामको बिवरण नखुल्ने -** लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले कार्यालयले गर्ने कार्य, रकम र उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा मात्र खुलाउने गरेको छ ।यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । | |
| ३२.४ | | | **हस्तान्तरण नगरेको -** सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने,९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ३३ | | | **रोयल्टी भुक्तानीको प्रमाण**<br>उपभोक्ता समितिहरुले बिभिन्न कार्य गर्दा बालुवा लगायत नदीजन्य पदार्थ प्रयोग गरेको देखाए पनि सबै उपभोक्ताले त्यस्ता पदार्थ प्रयोग गर्दा पालिकाले ठेक्कापट्टा गरेका निर्माण व्यबसायीलाई रोयल्टी भुक्तानी गरेको प्रमाण लिने गरेको देखिएन ।यस्तो अबस्था समितिमार्फत प्रयोग गरेको देखाएको नदीजन्य पदार्थ कानुनी रुपमा प्रकृया पुरा गरी संकलन गरी प्रयोग गरेको हुने सम्भाबना समेत रहने हुँदा नदीजन्य पदार्थ प्रयोग गर्दा रोयल्टी भुक्तानी गरेको प्रमाण समेत लिने व्यबस्था हुनुपर्दछ । | |
| ३४ | | | **थप प्रमाण नभएको**<br>उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धी सम्बन्धी कार्य गर्दा उपभोक्ता भेला गरेको माइन्युटका अतिरिक्त उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संम्लग्न गरेमा कामको बिश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउनेमा सो अनुसार गरेको देखिने प्रमाण प्रमाण पेश गरेको देखिदैन ।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन । यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ । | |

<table>
<tr><td>३५</td><td></td><td></td><td>

**प्रमाण बेगर खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । तर आइ टी ल्याब र बिद्यालय पूर्बाधारको निर्माण अनुदान कार्यका लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट निम्न बिद्यालयका लागि निकासा दिएकोमा उक्त काम सम्पन्न गरेको प्रमाण कागजात लेखापरीक्षण समयसम्म पेश गरेको देखिएन भने उक्त रकम निकासा दिँदा पेश्की जनाएको समेत पाइएन । आर्थिक बर्ष २०७८।७९ मा नै सम्पन्न गर्नुपर्ने कार्य सम्पन्न नगरी पेश्की समेत नजनाई सोझै भुक्तानी खर्च लेख्ने कार्य मनासिब देखिएन । बिल बिजक बेगर पेश्की नजनाई निकासा दिएको रकमको तोकिएको उदेश्य अनुसार काम गरेको देखिने सक्कल प्रमाण कागजात पेश हुनुपर्दछ रु.

<table>
<tr><th>क सं</th><th>बिद्यालयको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मणिलेक माध्यामिक बिद्यालय</td><td>४ कोठे व्लक</td><td>३६,००,०००।</td></tr>
<tr><td>२</td><td>शोभा माध्यामिक बिद्यालय</td><td>२ कोठे व्लक</td><td>१८,००,०००।</td></tr>
<tr><td>३</td><td>नेपाल राष्ट्रिय आधारभूत बिद्यालय</td><td>आइ सी टी</td><td>६,५०,०००।</td></tr>
<tr><td>४</td><td>कैल्पालेश्वर माध्यामिक बिद्यालय</td><td>आइ सी टी</td><td>६,५०,०००।</td></tr>
<tr><td>५</td><td>कुलौन माध्यामिक बिद्यालय</td><td>आइ सी टी</td><td>६,५०,०००।</td></tr>
<tr><td>६</td><td>भवानी आधारभूत बिद्यालय</td><td>२ कोठे व्लक</td><td>१८,००,०००।</td></tr>
<tr><td>७</td><td>निग्लाशैनी माध्यामिक बिद्यालय</td><td>आइ सी टी</td><td>६,५०,०००।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९८,००.०००।</td></tr>
</table>

</td><td>९,८००<br>,०००</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>

**सडक मर्मत सम्भार कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नमुना छनौट गरी परिक्षण गर्दा पालिकाले लागत अनुमान, सम्झौता, कार्यदिश, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन लगाएतका कागजात संलग्न नगरी सोझै देहायअनुसार रु.१२०३३५०.० भुक्तानी गरेको छ । अतः नियमावलीमा भएको व्यवस्था अनुसारका लागत अनुमान, सम्झौता, कार्यदिश, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. ..

</td><td>१,२०२<br>,३५०</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>भौ.नं. र मिति</td><td>कार्यक्रम</td><td>भुक्तानी लिने</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>२८-९।१९</td><td>वार्षिक वडा वजेट वडा नं.</td><td>वडा अध्यक्ष श्री भुवन राज भट्ट</td><td>५०००००.०</td><td>प्रति महिना १९ जनाले ३० दिन काम गरेको उल्लेख गरी २ महिनाको</td></tr>
<tr><td>२</td><td>९१-९।२८</td><td>समपुरक कोष तर्फ</td><td>वडा अध्यक्ष श्री भुवन राज भट्ट</td><td>३३९०००.०</td><td>१९ जनाले ३० दिन काम गरेको उल्लेख गरी १ महिनाको</td></tr>
<tr><td>३</td><td>२८०-११।१२</td><td>आयोजना व्यवस्थापन खर्च</td><td>स.इ. सिद्धराज भट्ट</td><td>३६३३५०.०</td><td>५ जनाको ४ महिना र १ जनाको २ महिनाको</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१२०२३५०.०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>कैलपाल सा खानेपानी तथा सरसफाई योजना</td><td></td></tr>
<tr><td>३७.१</td><td>५४</td><td>२०७८-९-२१</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कैलपाल सा खानेपानी तथा सरसफाई योजनामा १५०० मिटर 20 mm HDPE पाइप रु.४२.५१ का दरले रु.६३७६५.० को खरिद गरेको छ । तर नापी किताब अनुसार Pipe line digging and filling कार्य ९५० मि. मात्र भएको देखिन्छ । जस अनुसार ५५० मिटर पाइप जडान नभएको हुँदा बाँकी ५५० मिटर पाइप (रु.४२.५१ का दरले) रु.२३३८०.५ को पाइप जडानको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>२३,३८०.५</td></tr>
<tr><td>३७.२</td><td>५४</td><td>२०७८-९-२१</td><td>मु.अ.कर भुक्तानीः- कैलपाल सा खानेपानी तथा सरसफाई योजना उपभोक्ता समितिलाई संलग्न दर विश्लेषण अनुसार देहायअनुसार मु.अ.कर सहित रकम भुक्तानी भएकोमा मु.अ.कर विल संलग्न नरहेकोले मु.अ.कर बापतको रकम असुल दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>भुक्तानी मु.अ.कर सहित</td><td>मु.अ.कर रकम</td></tr>
<tr><td>१.</td><td>20 mm HDPE</td><td>१९७१७.५</td><td>२३५२.०</td></tr>
<tr><td>२.</td><td>40 mm HDPE</td><td>६३७६५.०</td><td>७३३५.०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९६८७.०</td></tr>
</table>
</td><td>९,६८७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३८ | १४४ | २०७८-१०-२८ | **जनसहभागिता बापतको रकम फिर्ता**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(३) मा कुनै पनि सरकारी कारोबारको विल भर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले धारीगाड अमाइच साँङ्डी झुलाघाट खानेपानी उपभोक्ता समितिलाई कार्यपालिकाको मिति २०७८।२।२ को निर्णयानुसार २०७१।७२ को योजनाको जनसहभागिता बापतको फिर्ता गर्नुपर्ने रकम रु.१८००००.० फिर्ता गरेकोमा संलग्न कागजात अनुसार योजना सम्झौता २०६९।१२।११ मा भएको देखिएको र माग गरेको पत्र अनुसार रु.३० लाखको योजनाको सम्पन्न गर्न रु.६ लाख जनसहभागिता बापत रकम जम्मा गरेको र उक्त योजना रु.२१ लाखमा सम्पन्न भएकोले बढी जनसहभागिताको रकम फिर्ता पाउने उल्लेख छ । पालिकासँग उक्त योजना सम्बन्धि अन्य कागजात संलग्न नभएको तथा जनश्रमदान बापतको रकम सम्बन्धित योजना शिर्षकमा जम्मा भएको नदेखिएको हुँदा नियमानुसार नै रकम फिर्ता भएकोमा एकिन हुन सकिदैन । अतः जनसहभागित वापत रकम जम्मा गरेको र कम रकममा नै योजना सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु. | १८०,००० |
| ३९ | | | **पाइप खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले सम्झौता, नापी किताब संलग्न नगरि देहायबमोजिमको कार्यक्रमबाट विभिन्न साइज (20mm देखि 50mm) का २२९०० मिटर खानेपानी पाइप खरिद रु.१२३७५४५.० भुक्तानी गरेको देखिएकोले खरिद भएका पाइप जडान भएको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | १,२३७,५४५ |

| सि.नं. | भौ.नं. | कार्यक्रम | आपुर्तक | साइज | पाइप विवरण मि. | रकम |
|---|---|---|---|---|---|---|
| १ | १०६-१०।६ | वडा वार्षिक वजेट वडा नं.४ | चन्द्र प्रकाश सप्लायर्स | विभिन्न साइज | २५५० | १६००६४ |
| २ | २४४-११।९ | ११।९ दशरथ चन्द ग्रामिण सुधार कार्यक्रम | सिता शक्ति ट्रेड लिङ्क | विभिन्न साइज | ३६०० | १९२०००.० |
| ३ | ६०४-२।२४ | वडा वार्षिक वजेट वडा नं. १ | न्यु भट्ट ब्रदर्स ट्रेडर्स एण्ड सप्लायर्स | विभिन्न साइज | ८१०० | ४९८२१७.० |
| ४ | ७८६-३।२५ | खानेपानी पाइप खरिद योजना | मालिका सप्लायर्स | 20mm HDPE | २६५० | ९५८२४.० |
| ५ | २५-९।१९ | | चन्द्र प्रकाश सप्लायर्स | विभिन्न साइज | ४००० | १९२०००.० |
| ६ | ३८-९।२० | | दुर्गाशक्ति ट्रेडर्स एण्ड सप्लायर्स | 20mm HDPE | २००० | ९९४४०.० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>२२९००</td><td>१२३७५४५.०</td></tr></table></td><td></td></tr>
<tr><td>४०</td><td>459</td><td>२०७८-१२-२४</td><td>कार्य सम्पन्न प्रतिवेदन<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(८) अनुसार स्वीकृत कार्यक्रम अनुसार संचालित तालिम, सेमिनार, गोष्ठि, कार्यशाला सम्पन्न भए पश्चात विल भर्पाइ सहित कार्यक्रममा उपस्थित तथा लाभान्वित व्यक्तिको संख्या र उपस्थित समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराउनु पर्ने व्यवस्था छ । पालिकाले नगर क्रिकेट समिति बैतडीसँग सम्झौता गरी मेयर उपमेयर क्रिकेट प्रतियोगिता सञ्चालन गर्नको लागि रु.७७३०००.० भुक्तानी गरेको छ । पालिका र समितिबीच भएको सम्झौतामा के के कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएको देखिदैन । जर्सी, खेलकुद सामाग्री, चिया खाजा, पुरस्कार आदि फुटकर खर्चको विल भर्पाइको आधारमा रकम भुक्तानी भएको छ । समितिले पनि कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रम सञ्चालन सम्बन्धि प्रतिवेदन पेश गरेको छैन । अत कार्यक्रम सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>७७३,०००</td></tr>
<tr><td>४१</td><td>७९३</td><td>२०७९-३-२५</td><td>कोरोना तेस्रो कहर पूर्व तयारी कार्यक्रम<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकमको खर्च लेख्नु पुर्व संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ ।पालिकाले कोरोना तेस्रो कहर पूर्व तयारी कार्यक्रम सञ्चालन गर्ने गरी ग्रामिण विकाश तथा वातावरण व्यवस्थापन बैतडीले पेश गरेको प्रस्तावना अनुसार १६२१०००.० को सामाग्री खरिद गर्ने गरी सम्झौता भएकोमा संस्थाले पेश गरेको विभिन्न फोटोकपी विलको आधारमा रु.२८८०००.० भुक्तानी भएको छ भने अन्य कार्य भएको देखिएन । उक्त कार्यक्रम तोकिए अनुसार सम्पन्न भएको प्रतिवेदन तथा भुक्तानी भएको रकमको सक्कल प्रमाण पेश हुनुपर्ने रु.</td><td>२८८,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको बील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमावलीमा उल्लेख भएको व्यवस्था पालना गरी खर्च गर्नुपर्दछ ।<br><table><tr><th>क्र.सं.</th><th>उपभोक्ता समितिको नाम</th><th>उपभोक्ता समिति सँग भएको सम्झौता अंक श्रमदान बाहेक</th><th>संलग्न निर्माण व्यवसायीको नाम</th><th>निर्माण व्यवसायीको बील पेश भएको रकम ईन्धन समेत</th></tr></table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>१</td><td>थालीमडा सितमडी मडाला सडक निर्माण</td><td>१४०००००.०</td><td>रोयल निर्माण सेवा र निङ्गासैनी कन्ष्ट्रक्सन प्रा.ली.</td><td>१३३३३५०.०</td></tr><tr><td>२</td><td>सडक मर्मत आयोजना</td><td>१००००००.०</td><td>एम.एस. निर्माण सेवा र कुमारी निर्माण सेवा</td><td>८५६४२७.०</td></tr><tr><td>३</td><td>रोसेरा गाउँ भोडा डाडा सडक निर्माण</td><td>७०००००.०</td><td>निङ्गलासैनी कष्ट्रक्सन प्रा.ली.</td><td>३४५९३५.०</td></tr><tr><td>४</td><td>शाहिलेक विनोसो सडक निर्माण</td><td>१३५००००.०</td><td>तुलसी देवी कन्सट्रक्सन प्रा.ली.</td><td>१२९६११०.०</td></tr><tr><td>५</td><td>बुरलिक सडक निर्माण</td><td>१००००००.०</td><td>नागर्जुन निर्माण सेवा प्रा.ली.</td><td>९६००००.०</td></tr><tr><td colspan="2">जम्मा</td><td>५४५००००.०</td><td></td><td>४७९१८२२.०</td></tr></table> | |
| ४३ | | | **असिमीकेदार मन्दिर पुनःनिर्माण उपभोक्ता समिति** | |
| ४३.१ | 688 | २०७९-३-२१ | असिम केदार मन्दिर पुनः निर्माण कार्यको लागि असिम केदार मन्दिर पुनः निर्माण उपभोक्ता समितिसँग कार्यालयले रु.३८६००००.० र उपभोक्ता समितिले रु.९४९६१०.० व्यहोर्ने गरी रु.४७८९६१०.० लागत अनुमान स्वीकृत गरी सोही अनुसार सम्झौता गरी उपभोक्ता समितिलाई रु.३८६००००.० भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् | ३,८६०,००० |
| ४३.२ | | | पुनः निर्माण कार्यको लागि लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन अनुसार सवै आइटम खरिद सँग सम्बन्धित भएको र सोही अनुसार विभिन्न आपुर्तकबाट पेश भएको विजक अनुसार नै कार्य सम्पन्न हुने देखिदाँ उपभोक्ताले के कति कार्य गरे एकिन भएन । उपभोक्ताको लागत सहभागिता गरेको देखिने प्रमाण सहित कार्य स्वीकार प्रतिवेदन र नापी किताब पेश हुनुपर्दछ । | |
| ४३.३ | | | मन्दिर पुन निर्माणको लागि पालिकाले लागत अनुमान तयार गर्दा ३ वटा फर्मबाट दर माग गरेको र सोहि अनुसार न्युन दररेटलाई आधार मानि सोही अनुसार दर कायम गरेको उल्लेख गरेको छ । न्युन दररेट पेश गर्ने श्री उग्रचण्डी मेटल कार्भिङ्ग, ललितपुरको दररेट अनुसार सानो नागल प्रति फिट रु.७३०.० (प्रति मिटर रु.२३९५) हुने उल्लेख गरेकोमा लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदनमा प्रति मिटर रु.३४४४.० उल्लेख गरी प्रति मिटर रु.१०४९.० का दरले ३२०.१२ मिटरको रु.३३५८०६.० भुक्तानी दिएको रकम रु.३३५८०६.० असुल दाखिला गर्नुपर्ने देखिन्छ । | |
| ४३.४ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्यायिता, गुणस्तरियता र दिगोपना अभिवृद्धि हुने तथा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। लागत अनुमान अनुसार सम्पुर्ण कार्य पुनःनिर्माणको लागि सामाग्री खरिद गर्ने प्रकृतिका रहेकोले ऐनले तोकेको अवस्था विपरित उपभोक्ता समिति मार्फत खरिद कार्य गराएको मनासिव देखिएन । | |

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **दलित लक्षित कार्यक्रम** | |
| ४४.१ | 582 | २०७९-१-२३ | पालिकाले दलित लक्षित कार्यक्रम सञ्चालनको लागि दलित सशक्तिकरण उपभोक्ता समिति मार्फत कार्य गर्ने गरी प्रस्तावनाको आधारमा रु.३००००००.० मा सम्पन्न गर्ने गरी सम्झौता अनुसार वाखा, कुखुरा, सिलाइ मेसिन, जस्तापाता खरिद गरि वितरण गरेको भर्पाइको आधारमा रु.२८८००००.० भुक्तानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । | |
| ४४.२ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्यायिता, गुणस्तरियता र दिगोपना अभिवृद्धि हुने तथा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ । ऐनमा व्यवस्था भए विपरित सामाग्रि खरिद र वितरण गर्ने कार्य उपभोक्ता समितिबाट सञ्चालन गर्ने कार्य मनासिव नदेखिएकोले यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ४४.३ | | | कार्यक्रम अन्तर्गत जस्ता पाता वितरण कार्य गर्ने गरी प्रस्तावना पेश भएको र सोही अनुसार ४७५ वटा जस्ता पाता खरिद गरी वितरण गरेको भर्पाइको आधारमा रु.६३२८२८.० खर्च लेखेको छ । जस्ता पाता वितरण गर्दा के आधारमा वितरण गरियो, जस्ता पाता कुन प्रयोजनको लागि उपयोग भए सो सम्बन्धमा पालिकामा कुनै विवरण उपलब्ध छैन । अतः उक्त जस्ता पाता लक्षित वर्गले प्राप्त गरेको र सम्बन्धित समुदायको सशक्तिकरणमा उपयोग भएको सुनिश्चित हुने नापी किताब, कार्य स्वीकार प्रतिवेदन पेश गर्नुपर्ने रु. | ६३२,८२८ |
| ४४.४ | | | पालिकाले अन्य निर्माण कार्यमा उपभोक्ता समितिबाट कार्य गराउँदा जम्मा लागत अनुमानको कम्तिमा २० प्रतिशत लागत सहभागिता गर्ने गरेको छ ।तर यस कार्यक्रममा लागत सहभागिता नखुलाई पेश भएको प्रस्तावना अनुसार रु.३० लाखको कार्यक्रम गर्ने गरि उपभोक्ता समितिसँग सम्झौता गरि प्राप्त विल भर्पाइ बमोजिम रु.२८०००००.० भुक्तानी भएको छ । यसरि उपभोक्ता समितिबाट कार्य गराएकोमा जनसहभागिता अंश उल्लेख भएको नदेखिएकोले नियमावली अनुसार हुनुपर्ने जनसहभागिताको अंश वापतको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरि दाखिला गर्नुपर्ने वा नपर्ने एकीन गरी प्रमाण पेश हुनुपर्दछ । | |
| ४५ | ७२ | २०७८-९-२३ | **निङ्गलासैनी मा.वि. वैतडी पर्खाल निर्माण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले निङ्गलासैनी मा.वि. वैतडी पर्खाल निर्माण योजनामा विभिन्न साइजका ८६ घन मिटर (३९ थान) ग्याविन खरिद गरी रु.४३३६६३.० भुक्तानी गरेकोमा संलग्न नापी किताब अनुसार ४७.२ घन मिटरको मात्र ग्याविन भर्ने कार्य भएको उल्लेख गरेकोले ३८.८ घन मिटर रु.१९५६२९.० को ग्याविन भरेको प्रमाण पेश गर्नुपर्ने वा मौज्दात कायम हुनुपर्ने रु. | १९५,६२९ |
| ४६ | 710 | २०७९-३-२३ | **मु.अ.कर भुक्तानी**<br>नोहाटा देखि फागला सम्म पि.सि.सि. बाटो निर्माण उपभोक्ता समितिलाई संलग्न दर विश्लेषण अनुसार देहायअनुसार मु.अ.कर सहित रकम भुक्तानी भएकोमा मु.अ.कर विल संलग्न नरहेकोले मु.अ.कर बापतको रकम असुल दाखिला गर्नुपर्ने रु. | १२,०९० |

| क.सं. | विवरण | भुक्तानी मु.अ.कर सहित | मु.अ.कर रकम |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | PCC 1:2:4 कार्य | १४७१७२.० | ४३६८.० |
| २. | 1:4 CSM कार्य | ३४८०४६.० | ७७२२.० |
| | | जम्मा | १२०९०.० |

४७

**विद्यालय शैक्षिक अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार तोकिएको सुचकाङ्कका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान विद्यालयले शिक्षण सिकाई सम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चित गरी रू ५० हजार र उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुद्धिढिकरणका लागि रू २ लाख भुक्तानी दिने र सो रकमको निर्देशिका अनुसार मापदण्ड पालना गरे नगरेको तथा प्रस्तावका आधारमा विभिन्न सुचक निधार्रण गरी ति सुचक मुल्याङ्कन गरी उत्कृष्ट विद्यालयलाई अनुदान दिने उल्लेख छ। पालिकाको शिक्षा शाखावाट विद्यालयको स्व-मुल्याङ्कनको आधारमा देहायका विद्यालयलाई अनुदान निकासा भएको देखियो। कार्यान्वयन पुस्तिकाले तोकेको व्यवस्थाको पालना गरी अनुदान दिएको सुनिश्चित हुने आधार प्रमाण नभएकोले सोको प्रमाण पेश हुनुपर्दछ।

| सि.न. | विद्यालयको नाम | अनुदानको प्रकार | रकम |
|---|---|---|---|
| १ | श्री भवानी प्रा.वि. देउमडा | प्रोत्साहन | ४०००० |
| २ | श्री बटैराज प्रा.वि. झोकाली | प्रोत्साहन | ४०००० |
| ३ | श्री मिलामनाथ प्रा.वि. कुणिभिटा | प्रोत्साहन | ४०००० |
| ४ | श्री बटैराज प्रा.वि. कनसेना | प्रोत्साहन | ४०००० |
| ५ | श्री गणेशस्थान आ.वि. आला | कार्य सम्पादनमा आधारित | ६०८०० |
| ६ | श्री निंङलाशैनी प्रा.वि. सुकुट्टी | कार्य सम्पादनमा आधारित | ५०००० |
| ७ | श्री बेतालखोदाइ प्रा.वि. सिमल्लेक | कार्य सम्पादनमा आधारित | ६०८०० |
| ८ | श्री सिद्धनाथ प्रा.वि. गोइचडा | कार्य सम्पादनमा आधारित | ५०००० |
| ९ | श्री ग्वाल्लेक प्रा.वि. तिताखोली | कार्य सम्पादनमा आधारित | ५५००० |
| १० | श्री कालिका मा.वि. थालीगडा | कार्य सम्पादनमा आधारित | ६०८०० |
| ११ | श्री सिद्धसयल प्रा.वि. पंगेवाज | प्रोत्साहन | ४०००० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>५३७४००।</td></tr></table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>शिक्षकको तलब भत्ता<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर विभिन्न विद्यालयहरूमा १३३ जना नगर शिक्षक नियुक्त गरी वित्तीय समानीकरण अनुदानवाट रू १,७८,९५,०००।०० तलब भत्ता भुक्तानी गरेको पाईयो। रु.</td><td>१७,८९५,०००</td></tr>
<tr><td>४९</td><td>422</td><td>२०७९-३-२५</td><td>भरपाई<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन का लागी ढुवानी वापत रू ५५,०००। भुक्तानी भएकोमा सम्बन्धितले रकम वुझेको भरपाई पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रू</td><td>५५,०००</td></tr>
<tr><td>५०</td><td>80</td><td>२०७८-८-२३</td><td>कार्य क्षेत्र भन्दा वाहिरको खर्च<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी आ.व. २०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकामा स्थानीय तह भित्र अध्ययनरत विद्यार्थीहरू सञ्चार माध्यम तथा इन्टरनेट सुविधाको पहुच नभएका वालवालिकाहरूको तथ्याङ्क यकिन गरी त्यस प्रकारका विद्यार्थीको सिकाई निरन्तरताका लागि केन्द्रवाट विकास भएका तथा स्वीकृत पाठ्यसामग्री छपाई गरी वितरण गर्ने व्यवस्था छ। पालिकाले कोभिड- १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम वापत रू ४,६६,०००। भुक्तानी गरेको छ। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरूप सम्वन्धित प्रकृतिको कार्यमा मात्रै रकम भुक्तानी गर्नुपर्नेमा निम्नाअनुसार फरक प्रकृतिको कार्यमा रू ३८,०००। भुक्तानी भएकोले उक्त भुक्तानी मनासिव नदेखिएको रू<br><table><tr><th>सि.न.</th><th>भुक्तानी हुनुपर्ने</th><th>भुक्तानी भएको</th><th>भुक्तानी पाउने संस्था</th><th>भुक्तानी रकम</th></tr><tr><td>१.</td><td rowspan="2">शैक्षिक कार्यक्रमको लागि</td><td rowspan="2">दशै तिहार गौरा पर्व नव वर्षको शुभकामना प्रसारणको लागी</td><td>रेडियो वैतडी</td><td>१९,०००</td></tr><tr><td>२.</td><td>मष्ट मालिका सञ्चार प्रा.लि.</td><td>१९,०००</td></tr></table></td><td>३८,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>३८,०००।</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>विद्यालयको अनुगमन नियमन व्यवस्था<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपुर्ति<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५२ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सवै बिद्यालयमा तोकिए अनुसार शिक्षक, बिद्यार्थी अनुपात मिलाउन आवश्यक व्यवस्था गर्नुपर्ने देखिन्छ।<table><tr><th>सि.नं</th><th>विद्यालयको संख्या</th><th>शिक्षक दरबन्दी</th><th>पदपुर्ति</th><th>पदपुर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th><th>प्रति शिक्षक बिद्यार्थी अनुपात</th></tr><tr><td>१</td><td>५२</td><td>२५०</td><td>२५०</td><td>४८</td><td>८२०३</td><td>१:३३</td></tr></table></td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>तलवी प्रतिवेदन<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका को खण्ड २ मा स्थायी शिक्षकहरूको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत विद्यालय शिक्षक किताबखानावाट पारित गराई सो प्रतिवेदनका आधारमा तलव भुक्तानी दिने व्यवस्था रहेको छ। तर पालिकाले आ.व. २०७८।७९ मा तलवी प्रतिवेदन पारित नगराई २०२ जना स्थायी शिक्षकहरूलाई जम्मा रू. ११,५५,५२,९०४। भुक्तानी भएको छ। तलवी प्रतिवेदन पारित गराएर मात्रै तलव भत्ता भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>सेनेटरी प्याड<br>सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निशुल्क सेनेटरी प्याड व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यविधिमा उल्लेखित प्रक्रिया अनुरूप वार्षिक १० महिना अवधिका लागि निशुल्क सेनेटरी प्याडको व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। सोको मुख्य जिम्मेवारी सम्बन्धित स्थानीय निकाय र विद्यालय हुने कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था छ। यस पालिकाले गत बर्ष खरिद गरेको ३२९०० थान मध्ये रू २९९७६१। मुल्यका ७७०० थान मौज्दात नै रहे पनि पुन यस बर्ष मिति २०७९।०३।२३ मा १८९६० प्याकेट सेनेटरी प्याड युनिभर्सल लाइफ केयर प्रा.ली. वाट प्रतिथान रू २९।९० का दरले सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गरी रू ६,४०,६०१। भुक्तानी गरेको देखियो। स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु तोकिए बमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख पाइएन । त्यस्तै एकै प्रयोजनका लागि बिभिन्न पालिकाले</td><td>६४०,६०१</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>खरिद गरेको स्यानीटरी प्याडको मुल्यमा स्पष्ट कारण बेगर मुल्यमा ठुलो अन्तर देखिएको तथा निर्देशिका बमोजिम तोकेको प्रकृया पुरा भएको नदेखिनु मनासिब देखिएन । यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ । खरिद गरिएका सबै सेनेटरी प्याड २०७९।०५।०६ गतेको लेखापरीक्षणको अवधिसम्ममा नगरपालिकाको शिक्षा शाखामा मौज्जात रहेको देखियो। कार्यविधिमा तोकिए अनुरूप वास्तविक मागका आधारमा समयमै खरिद एवमं हस्तान्तरण नगरी मौज्दात रहने गरी वर्षान्तमा खरिद गर्ने तथा उक्त प्याडको गुणस्तर यकिन हुने प्रमाण समेत नपाईएकोले उक्त खरिद मनासिव नदेखिएको रू</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>दिवा खाजा कार्यक्रम<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा जारि भएको आ.व. २०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकामा दिवा खाजा कार्यक्रम अर्न्तगत स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा सञ्चालनमा रहेको दिनका लागि मात्र सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरूका लागि उपलब्ध गराउन विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रू १५।०० का दरले १८० दिनका लागि विद्यालयमा अनुदान निकासा दिने व्यवस्था छ। दिवा खाजाको मापदण्ड,गुणस्तर र व्यवस्थापनका लागी दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ जारी भएको छ। उक्त कार्यान्वयन पुस्तिका र सहयोगी पुस्तिका मा दिवा खाजा अनुगमन कार्यक्रम वापत पारिश्रमिक र चाडपर्व खर्च भुक्तानी सम्बन्धमा कुनै व्यवस्था नभएकोले निम्नाअनुसार भुक्तानी भएको रू ४,४५,५००। रकम अनियमित देखिएको रू
<table>
<tr><th>सि.न.</th><th>गो.भौ.न.।मिति</th><th>अनुगमनकर्ताको संख्या</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>१७-२०७८।०६।२३</td><td>५ जना</td><td>१४८५००</td><td>पारिश्रमिक रू १४८५० र चाडपर्व खर्च रू १४८५० गरि प्रत्येक व्यक्तिलाई रू २९७०० भुक्तानी।</td></tr>
<tr><td>२</td><td>३३-२०७८।०७।१३</td><td>५ जना</td><td>७४२५०</td><td>प्रत्येक व्यक्तिलाई पारिश्रमिक वापत रू १४८५० भुक्तानी।</td></tr>
<tr><td>३</td><td>१११-२०७८।९।२४</td><td>५ जना</td><td>७४२५०</td><td>प्रत्येक व्यक्तिलाई पारिश्रमिक वापत रू १४८५० भुक्तानी।</td></tr>
<tr><td>४</td><td></td><td>५ जना</td><td>७४२५०</td><td></td></tr>
</table></td><td>४४५,५००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | १८१-२०७८।११।३० | | | प्रत्येक व्यक्तिलाई पारिश्रमिक वापत रू १४८५० भुक्तानी। |
| ५ | २१५-२०७८।१२।२६ | ५ जना | ७४२५० | प्रत्येक व्यक्तिलाई पारिश्रमिक वापत रू १४८५० भुक्तानी। |
| | **जम्मा** | | **४,४५,५००।** | |

| | | | | |
|---|---|---|---|---|
| ५६ | | | **निजि विद्यालय अनुगमन मापदण्ड**<br>माध्यमिक तहसम्म सञ्चालित नीजि विद्यालय व्यवस्थापन, अनुगमन र शुल्क निर्धारण सम्बन्धी कार्य नगरपालिकाले गर्नुपर्दछ । सोही अनुसार अनुगमन र व्यवस्थापन मापदण्ड निर्धारण गरी लागु गर्नुपर्नेमा पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी सो बमोजिम अनुगमन गरेको छैन। त्यस्तै निजी विद्यालयको शुल्क निर्धारण गरी त्यसको अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको छैन। मापदण्ड निर्धारण गरी सो अनुसार अनुगमन मुल्याङ्कन हुनु पर्दछ। | |
| ५७ | ३० | २०७९-३-१९ | **विद्यालयको लेखापरीक्षण**<br>नगरपालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। नगरपालिकाले विद्यालयको आ.व. २०७८।७९ को लेखापरीक्षण खर्च वापत ५२ वटा विद्यालयहरुलाई रु. ६,१५,०००। निकासा दिएको छ । आ.व २०७८।७९ को लेखापरीक्षणको क्रममा ३० वटा विद्यालयले मात्र लेखापरीक्षण गरी प्रतिवेदन नगरपालिकामा वुझाएको देखिन्छ। अतः पालिकाले समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गराई देखिएका व्यहोरा उपर आवश्यक कारवाही गरी सुधार गर्नु पर्दछ । | |
| ५८ | ३५७ | २०७९-३-२४ | **किसान सूचिकरण**<br>किसान सुचिकरण कार्याक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा २० को उपदफा २ मा सहजकर्ता तथा सम्पर्क व्यक्तिहरुको सेवा सुविधामा सहजकर्ताहरुले प्रत्येक किसानको वैयक्तिक विवरण तथा कृषि तथ्यांक संकलन गरि सूचना प्रणालीमा प्रविष्टि गरेबापत प्रति स्थानीय तह कम्तिमा पनि घरधुरी संख्या ३००१ वा सो भन्दा बढी भएकोमा प्रतिघरधुरी ७५ रुपैंयाका दरले पाउने उल्लेख छ ।त्यसैगरी उक्त कार्यविधिको दफा २६ (घ) मा स्थानीय तहको भूमिका उल्लेख छ ।उक्त दफा अनुसार पालिकाले सम्पर्क व्यक्तिलाई किसान सूचिकरण कार्यक्रम अवधिभरका लागि यातायात खर्च र सञ्चार खर्च उपलब्ध गराउने उल्लेख छ । उक्त नियमानुसार नै सम्पर्क व्यक्तिले सञ्चार खर्च बापत रु १००००।० र यातायात खर्च बापत रु ५०००।० बुझेको देखिन्छ, सो बाहेक निजले ६७५ जना किसानहरुको विवरण प्रविष्टी गरेको भनि प्रति प्रविष्टि रु ७५।- का दरले रु ५०६२५।० बुझेको देखिन्छ । सहजकर्ता बाहेक किसानहरुले पनि आफैले आफ्नो विवरण प्रविष्टि गर्न सक्ने व्यवस्था समेत रहेकोले सहजकर्ताहरुले प्रविष्टि गरेको प्रमाण पेश भए पनि सम्पर्क व्यक्तिले प्रविष्टि गरेको प्रमाण संलग्न रहेको पाइएन । उक्त विवरण प्रविष्टि गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित सम्पर्क व्यक्तिबाट असुल गर्नुपर्ने रु. | ५०,६२५ |

| | | | | |
|---|---|---|---|---|
| ५९ | ३<br>८<br>९ | २०<br>७९<br>-३-<br>२४ | **अपाङ्गता कार्यक्रम**<br>अपाङ्गता कार्यक्रमः ३८९।२०७९।३।२४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानीयस्तरको विकासका लागि योजना तर्जुमा गरि लागु गर्नुपर्ने उल्लेख छ । त्यसै गरि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) अनुसार शसर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्ने र सम्वन्धीत प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले अपाङ्गता सम्बन्धि कार्यक्रम सञ्चालनका लागि प्राप्त कुल बजेट रु १५०००००।० मध्ये अपाङ्गता भएका नागरिकहरुको पुर्नस्थापना केन्द्र, बैतडी नामक गैर सरकारी संस्थालाई दुइ पटक गरि जम्मा रु १००००००।० पेश्कि दिएको छ उक्त पेश्कि फछ्र्यौटका लागि पेश गरेको श्रेस्ता परिक्षण गर्दा उक्त कार्यक्रम यस नगरपालिकामा सञ्चालन नभएको पाइयो । उक्त कार्यक्रम २०७९।३।१८ र ३।१९ मा सुर्नया गाउँपालिकामा सञ्चालन भएको देखिन्छ । उक्त कार्यक्रममा सुनर्या गा पा र डोटी जिल्लाका नागरिकहरुको नाम लाभग्राहिमा समावेश भएको पाइयो । नगरपालिको क्षेत्र भन्दा बाहिर सञ्चालित कार्यक्रम भएकाले उक्त कार्यक्रम यस पालिकाको लागि समेत उपयोगी रहेको भनि सुनिश्चित हने स्पष्ट आधार प्रमाण रहेको पाइएन यस्ता कार्य गर्दा पालिका भित्रका व्यक्ति सहभागी भइलाभ प्राप्त भएको सुनिश्चित हुने व्यवव्था हनुुपर्दछ । | |
| ६० | | | **बढि भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले वडास्तरीय खानेपानी तथा सिचाई निर्माण अन्तर्गत गेडाडा खानेपानी स्रोत संरक्षण वडा नं १ मा Earth work excavation को कार्य नापी किताबमा ९.७ जना जनशक्ति लागेको उल्लेख छ । उक्त योजनाको भुक्तानि विलमा उक्त कार्यका लागि १४.७ जना जशक्ति लागेको भनि प्रति व्यक्ति रु ६०० का दरले भुक्तानि गरेको पाइयो । वास्तविका लागत भन्दा बढि संख्यामा भुक्तानि भएको रकम समबन्धित गेडाडा खानेपानी स्रोत संरक्षण उ स बाट असुल गरिनुपर्ने | ३,००० |
| ६१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजगारको तथ्याङ्क यकिन गर्न सकेको देखिएन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमासडक मर्मत, सडक निर्माण, मन्दिर निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी ३०९ जनालाई समग्रमा ४५०५ दिन र औषतमा १४.५ दिन मात्र रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रु.१,७५,१६,८७०।-खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः | |

| सि न | कार्यक्रमको नाम | जम्मा बजेट | ज्यालामा भएको खर्च | रोजगार प्राप्त संख्या | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|
| १. | वडास्तरिय सडक मर्मत आयोजना वडा नं १ | ८५१००० | ८५०७०४.६२ | १५ | ९५ |
| २. | वडास्तरीय खानेपानी तथा सिंचाई मर्मत वडा नं १ | ५३३००० | ५३२६८१.२ | १० | ८९ |
| ३. | वडास्तरीय घोरेटो बाटो निर्माणि वडा नं १ | १४१६२०० | १४१५२६२.२ | २४ | ९८ |
| ४. | चडेखान देखि (चैसिंरगाउ) ज्वागट्टे सम्म सोलिङ्ग बाटी निर्माण वडा नं २ | ३००००० | २९९९२२ | ५ | १०० |
| ५. | देनोलादेखि आफरसम्म सोलिङ बाटो निर्माण | ३००००० | २९९९०४ | ५ | १०० |
| ६. | रजून्ना देखि उकालामास सम्मको सोलिङ बाटो निर्माणञ वडा नं २ | २००००० | १९९८९३.३२ | ४ | ८३ |
| ७. | मेल्लौ देखि थलाल गाउँ सम्मको सोलिङ बाटो निर्माण वडा नं २ | २४२६६६ | २४२६३८ | ५ | ८१ |
| ८. | दाल्ला देखि भण्डारि गाउँ सम्मको सोलिङ बाटो निर्माण वडा नं २ | २००००० | १९९९८२ | ४ | ८३ |
| ९. | कुलौन देखि सेराली सम्मको सोलिङ बाटि निर्माण वडा नं ३ | ५००००० | ४९९७२८.९ | ९ | ९३ |
| १०. | बटैराज मन्दिर स्थाल जाने बाटो निर्माण वडा नं ३ | ५००००० | ४९९७५०.२७ | ९ | ९३ |
| ११. | दुर्गामन्दिर देखि बोहोरा गाउँ सम्मको सोलिङ बाटो वडा नं ४ | २७०००० | २६९६९१.९३ | ५ | ९० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | हिउ खोला देखि थलरा समाल गाउ थलारा सोलिङ बाटो | २७०००० | २६९६९१.९३ | ५ | ९० |
| १३. | शाहिलेक सपरालि सडक मर्मत | २७०००० | २६९८६६.९८ | ५ | ९० |
| १४. | जगन्नाथ मन्दिर घेर पर्खाल | २००००० | १९९६६३.३ | ४ | ८३ |
| १५. | कुमालि त्रिपूरा पि सि सिस बाटो | २९७५०० | २९७३१०.७६ | ५ | ९९ |
| १६. | जातखोली सोलिङ बाटो | १४१००० | १४०६७९.४७ | ३ | ७८ |
| १७. | खेतडा कँन्नाकासि पि सि सि बाटो | १०८००० | १०७७१८ | २ | ९० |
| १८. | जिमला जातखोली पि स पसि बाटो | २४५५०० | २४५३०२.६५ | ५ | ८२ |
| १९. | सिमलि रक्तोला बाटो | १३४३०० | १३३४८३.६ | ३ | ७४ |
| २०. | वडास्तरिय पि सि सि बाटो निर्माण (गाजारि भोडा पि पसि सि बाटो निरम्ण | ७२३२२१ | ७२२२२० | १३ | ९३ |
| २१. | वडास्तरिय खानेपानी निर्माण तथा धर्मशाला निर्माण | ५७७४४५.८७ | ५७७४४५ | १० | ९६ |
| २२. | वडाकार्यालय देखि दलित बस्ती हुँदै दुर्गास्थान जाने बाटो निर्माण | १७८५०० | १७८४३७ | ४ | ७४ |
| २३. | देउला र कोईराली मन्दिर मर्मत सम्भार | ३२०००० | ३२०००० | ६ | ८९ |
| २४. | तलाला मल्ला खनेउखोला पि सि सि बाटो निर्माण | २८६९०० | २८६८३८ | ५ | ९६ |
| २५. | स्वास्थ्य चौकी सडक मर्मत | ३००००० | २९९६७८ | ७ | ७१ |
| २६. | चाल देखि पदमपूर सम्म बाटो निर्माण | १९३५०० | १९३१६०.९५ | ४ | ८० |
| २७. | देउथला देखि माइखर्क सडक सोलिङ | ५५२३९७ | ५५१८१४ | १० | ९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २८. | धौलेली देखि कैलपाल सम्मको बाटो निर्माण | ४६०००० | ४५९८०२.०९ | ८ | ९६ |
| २९. | मौनि गाउ मन्दिर देखि डोबरा सम्मको बाटी निर्माण | २९३३५७ | २५६०००.४४ | ५ | ८५ |
| ३०. | डुङरा देउखोला देखि बहुगाड सम्मको बाटो निर्माण | ३००००० | २९९८०३.४ | ५ | ८५ |
| ३१. | भाटिपडा देखि चक्कि सम्मको बाटो निर्माण | ३००००० | २९८७९५ | ५ | १०० |
| ३२. | डसाईनि देखि बगलेखान सम्मको बाटो निर्माण | ४००००० | ३९९५६०.३४ | ८ | ८३ |
| ३३. | सल्याङ देखि बगलेखान सम्मको बाटो निर्माण | २००००० | १९९५२५ | ५ | ६७ |
| ३४. | तिचोरा खान देखि ग्वाल्लेक सम्मको बाटो निर्माण | २००००० | १९९६१२.४९ | ५ | ६७ |
| ३५. | कनघर बिडुमा बाटो निर्माण | २००००० | १९९६७० | ४ | ८३ |
| ३६. | लमौता देखि अयारैखाली सम्मको बाटो निर्माण | ३२०००० | ३१९४१७.५४ | ६ | ८९ |
| ३७. | चडेखान देखि खालिमा तथा डसायनि देखि भट्टाड सम्मको बाटो निर्माण | ४००००० | ३९९९२७.९१ | ७ | ९५ |
| ३८. | जगन्नाथ मन्दिर देखि नागार्जुन मन्दिर सम्मको सवारि बाटो निर्माण | २२०१९१.७१९ | २१९७०२.२८ | ५ | ७३ |
| ३९. | बाराकोट मन्दिर देखि सतपालि मन्दिर सम्मको बाटो निर्माण | २२०१९१.७१९ | २१९६९०.५५ | ५ | ७३ |
| ४०. | पेउले मन्दिर देखि नागार्जून मन्दिर सम्को बाटो निर्माण | २२०१९१.७१९ | २१९८९२.७६ | ४ | ९२ |
| ४१. | बुड्डा पिच रोड देखि बुड्डा टोल सम्मको बाटो निर्माण | २२०१९१.७१९ | २१९९८८.३ | ५ | ७३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४२. | सतपालि टंकि देखि भेलेनाथ मन्दिर सम्को बाटो निर्माण | २२०१९१.७१९ | २१९८८९.१६ | ४ | ९२ |
| ४३. | मौराडा देखि हाडासौं न्वालो सम्म जाने बाटो निर्माण | २२०१९१.७१९ | २०५६६१.९८ | ४ | ८६ |
| ४४. | आसि मठोक घोंरेटो बाटो निर्माण | ४००००० | ३९९९७२.८७ | ७ | ९५ |
| ४५. | बर्तोली बाटो निर्माण तथा न्वालाखोला खानेपानी मुहान संरक्षण | ३००००० | २९९८४९.६ | ५ | १०० |
| ४६. | आफरगाड देखि भण्डारि गाउ सम्मको बाटो निर्माण | १५०००० | १४९८८७.७ | ३ | ८३ |
| ४७. | गैर केशरपूर बाटो निर्माण | १५०००० | १४९७८२.६१ | ३ | ८३ |
| ४८. | सिम धम्वाइखालि बाटो निर्माण | ३००००० | २९९८४१.०८ | ५ | १०० |
| ४९. | नानिगाड अमलपानि बाटो निर्माण | २००००० | १९९६१२.५१ | ४ | ८३ |
| ५०. | भराण अमलपानि बाटो निर्माण | १५०००० | १४९९८० | ३ | ८३ |
| ५१. | टाँक बाटो निर्माण | २००००० | १९९७१६.७१ | ४ | ८३ |
| ५२. | डिब्ड्या भौनि बाटो निर्माण | १७८३६३ | १७७७१७.६३ | ४ | ७४ |
| **जम्मा** | | १६५३४००० | १६४६६७६८ | ३०९ | ४५०५ |

६२

**प्रधानमन्त्रि कार्यक्रमको पारिश्रमिक भुक्तानि**

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ५ बुँदा २१ (१) अनुसार स्थानीय तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा समबन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएका १४ वटा योजनाको मध्ये तीन वटा योजनाको ज्याला वापतको रकम रु.१९५३३२४।- सम्बन्धीत श्रमिकको वैंक खातामा भुक्तानी नगरी रोजगार उपभोक्ता समितिको खातामा भुक्तानी गरेको छ । कार्यविधिले तोकेको प्रक्रिया अवलम्बन गरी सम्बन्धित श्रमिकको बैंक खातामा सोझै तलब भुक्तानी गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ६३ | | | **अनुगमन मुल्यांकन खर्च** | |
| ६३.१ | 407 | २०७९-३-२५ | नेपाल सरकार स्वास्थ्य मन्त्रलयले आ व २०७८।७९ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा IMNCI Onsite coaching र समता तथा पहुँच कार्यक्रम अन्तर्गत उक्त कार्यक्रम सञ्चालनका लागि विभिन्न शिर्षकमा बजेट खर्चको सिमा निर्धारण गरेको छ । उक्त निर्देशिका अनुसार अनुगमन मुल्यांकनमा खर्च गर्न पाइने रकम रु ९००००।० तोकिएको छ । तर यस पालिकाले उक्त कार्यक्रममा रु ९८४८५।० खर्च गरेको पाइयो । निर्देशिकामा उल्लेख भए भन्दा बढि खर्च भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | ८,४८५ |
| ६३.२ | | | | |
| ६४ | | | **करार सुविधा**<br>नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/१/२१ को निर्णयानुसार दरवन्दि भित्रका करार कर्मचारीहरुलाई दिने सुविधा सम्बन्धि २०७४/१/२५ को पत्राचारमा करार कर्मचारीहरुको सुविधामा स्थानिय भत्ता र महङ्गि भत्ता नभएकोले करार कर्मचारीहरुलाई महङ्गि भत्ता र स्थानिय भत्ता उपलब्ध गराउन नहुने देखिन्छ । यस पालिकाले स्वास्थ्य सेवा सातौं तहमा १ जना करार कर्मचारीलाई मासिक रु २०००। महङ्गि भत्ता र स्थानीय भत्ता बापत मासिक रु३९४०। का दरले बार्षिक रु ७१२८०।- र मुस्याचौर आयुर्वेद केन्द्रमा १ जना कविराजलाई महङ्गि भत्ता बापत मासिक २०००।— का दरले बार्षिक २४०००।- समेत जम्मा रु९५२८०।० उपलब्ध गराएको पाइयो । मन्त्रिपरिषदको निर्णय विपरित करार कर्मचारीहरुलाई भुक्तानि भएको महङ्गि भत्ता र स्थानिय भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएको रु | ९५,२८० |
| ६५ | | | **कोभिड खर्च**<br>यस पालिकाले कोभिड नियन्त्रणका लागि छुट्टै कोभिड कोष स्थापना नगरि सशर्ततर्फबाट नै कोभिडमा भएका केही खर्चहरु निम्न रहेका छन् । | |

| भौ.नं.।मिति | शिर्षक | खर्च रु |
|---|---|---|
| २।२०७८।९।२० | कोभिड व्यवस्थापन | ५५०००।० |
| ३।२०७८।९।२१ | कोभिड व्यवस्थापन | ३१७१०८।० |
| ४।२०७८।११।११ | कोभिड व्यवस्थापन | ९६०००।० |
| जम्मा | | ४६८१०८।० |

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **गत आ व को भुक्तानि**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१५) मा तलब(स्वीकृत दरबन्दीको), महङ्गि भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घरभाडा, पोशाक खाद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधा, स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा | ४६८,१०८ |

कम्पनी सँग भएको सम्झौता बमोजिमको रकम मात्र गत बर्षको बजेटबाट भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च भुक्तानि दिन मिल्ने उल्लेख छ । उक्त नियमावलीको नियम ३९(१) मा कार्यलय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रहि खर्च गर्नुपर्ने, ३९(२) मा कार्यालयले चालु आर्थिक बर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरि दायित्व सिर्जना गर्न नहुने उल्लेख छ ।यस पालिकाले यस आ.व.मा विपद व्यवस्थापन कोष बाट गत बर्षको भुक्तानि बाँकि प्रमाणित नगरि यस बर्ष निम्नानुसार खर्च लेखेको पाइयो । गत बर्षको दायित्व प्रमाणित नगरि भुक्तानि दिन नमिल्ने भएकोले निम्न अनुसारको खर्च नियमित देखिएन रु

| भौ.नं.।मिति | शिर्षक | खर्च रु |
|---|---|---|
| २।२०७८।९।२० | कोभिड व्यवस्थापन | ५५०००।० |
| ३।२०७८।९।२१ | कोभिड व्यवस्थापन | ३१७१०८।० |
| ४।२०७८।११।११ | कोभिड व्यवस्थापन | ९६०००।० |
| जम्मा | | ४६८१०८।० |

६७ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं.१४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका अन्तर्गत रहेका ५२ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री शिव आ.वि. डुगंरा | ७ | ७ | २६ | १:४ |
| २ | श्री दानेश्वर मा.वी. बाराकोट | २७ | २७ | १४६ | १:५ |
| ३ | श्री जगन्नाथ आ.वि. महाला | ४ | ४ | २३ | १:६ |
| ४ | श्री दशरथ आ.वि. खलंगा | १२ | १२ | ८४ | १:७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | श्री ईश्वर आ.वि. डोवरा | ९ | ९ | ७२ | १:८ |
| ६ | श्री जगन्नाथ आ.वि. हल्लेक | १२ | १२ | ९८ | १:८ |
| ७ | श्री लटैनाथ आ.वि. ववेट | २ | २ | २१ | १.१० |
| ८ | श्री कैलपाल आ.वि. धौल्याली | ३ | ३ | ३८ | १:१२ |
| ९ | श्री विरेन्द्र मा.वि. साहिलेक | ३० | ३० | ६१६ | १:२१ |
| १० | श्री जोशीवुगां मा.वि. लमौता | १५ | १५ | ३६७ | १:२४ |
| ११ | श्री केदारनागार्जुन मा.वि. बगलेखान | १५ | १५ | ४५० | १:३० |
| १२ | श्री केदार मा.वि. लोडासौ | ११ | ११ | ३६६ | १:३३ |
| १३ | श्री निगंलाशैनी मा.वि. देहिमाण्डौर२ | २० | २० | ६९८ | १:३५ |
| १४ | श्री वटैराज आ.वि. झोकाली१ | १ | १ | ५७ | १:५७ |

यस नगरपालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:५७ देखि १:४ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अत: भौगोलिक दुरी टाढा भएमा वालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

६८ **सडक बोर्ड नेपाल**

सडक बोर्ड नेपालबाट प्राप्त अनुदानका सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम रहेका छन्

६८ .१ उपभोक्ता सँगको सम्झौताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा उपभो क्ता समितिको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले वा लाभग्राहीले आवश्यकता अनुसार छलफल वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ ।त्यसैगरी उक्त नियमावलीको नियम ९७(६) अनुसार उपभोक्ता समितिले हरेक कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्ने र तत्पशचात सम्बन्धित निकायले नियम ९७(११) बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई रकम भुक्तानी गर्नुपर्दछ । यस पालिकामा सडकबोर्ड नेपाल र नगरपालिकाको लागत साझेदारीमा सञ्चालित निम्न योजनाहरुमा नियमावलीको उक्त व्यवस्था पालना भएको पाइएन । नियमावलीको प्रावधान बमोजिम उपभोक्ता समितिको बैठकबाट

| | | | | |
|---|---|---|---|---|
| | | | खर्च प्रमाणीत गरि खर्च सार्वजनिक गर्नुपर्दछ । साथै उक्त योजनाहरुको कार्यस्विकार प्रतिवेदन तयार नगरि कार्यसम्पन्न प्रतिवेदन पेश भएकोले नियमावलीको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।<br>उपभोक्ता समितिको नाम — भुक्तानि रकम<br>जगदम्बा मा वि भतरबाटा सडक निर्माण उ.स. — ७,०५,३६४।०<br>सैनीखान भीउचुला सडक मर्मत उ.स. — ४१,८०,११२।०<br>जम्मा — ४८,८५,४७६।० | |
| ६८.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरि वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत जगदम्बा मा वि भतरबाटा सडक निर्माण कार्य गर्दा उक्त सडक निर्माणका Providing and laying, fitting, cutting & placing uncoated mild steel work कार्यमा नापि किताबमा १९३३।१६ के.जि. प्रति के.जी रु ११२.९१ का दरले स्टिल लाग्ने उल्लेख छ । उपभोक्ता समितिले पेश गरेको विलमा ११९०।९ के.जी. मात्र खरिद गरेको देखिन्छ । विलमा उल्लेख भए भन्दा बढी परिमाण ८२२।२६ के.जी. को हुन आउने रकम प्रति के.जि. रु ११२.९१ का दरले रु ९२,८४१।० को रकम सम्बन्धित उपभोक्ता समितबाट असुल हुनुपर्ने रु | ९२,८१४ |
| ६९ | २३३ | २०७८-१०-२७ | **भरपाई नरहेको -**<br>प्रदेश सरकार आर्थिक कार्यविधि नियमावली २०७६,को नियम ३७ अनुसार खर्चको विल भरपाई सहितको लेखा राख्नु पर्दछ ।यस पालिकाले पदाधिकारी बैठक शिर्षकबाट कृति वहादुर कुँवरलाई रु ८५००।- भुक्तानि गरेकोमा विल भर्पाई संलग्न नराखी भुक्तानी दिएको मनासिव देखिएन रु | ८,५०० |
| ७० | ३५२ | २०७८-१२-१३ | **सिप विकास तथा जनचेतनामुलक तालिम खर्च -**<br>सिप विकास तथा जनचेतनामुलक तालिम खर्च - अर्थ मन्त्रालय द्वारा जारी कार्यसंचालन निर्देशिकको ७.१.१५ मा सम्वन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ती भएमा कक्षा संचालन बापतको पारिश्रमिक नपाउने कार्यपत्र बापत रकम मात्र पाउने र प्रतिवेदनको पारिश्रमिक प्रतिवेदन वुझाएपछी प्रति कार्यक्रम बढीमा रु ३०००।- उपलब्ध गराउने व्यवस्था छ । यस पालिकाले संचालन गरेको सिप विकास तथा जनचेतनामुलक तालिम तथा गोष्टिमा प्रतिवेदन लेखन वापतको र कार्यपत्र सहितको प्रशिक्षक भत्ता बुझेकोमा कार्यपत्र संलग्न नरहेको र प्रतिवेदन लेखन वापतको रकम निर्देशिका भन्दा बढी भुक्तानि भएको हुँदा देहायबमोजिमको बढी भुक्तानी रकम असुल गर्नु पर्ने रु | २५,३२५ |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>सि नं</td><td>नाम</td><td>कक्षा संख्या</td><td>हुनु पर्ने दर</td><td>भएको दर</td><td>भएको भुक्तानि</td><td>वढि भुक्तानि</td><td>कैफियत</td></tr><tr><td>१</td><td>विक्रम वहादुर चन्द</td><td>११</td><td>७००</td><td>१५००</td><td>१४०२५</td><td>६३२५</td><td></td></tr><tr><td>२</td><td>किर्ति वहादुर कुंवर</td><td>११</td><td>७००</td><td>१५००</td><td>१४०२५</td><td>१२६७५</td><td>प्रतिवेदन लेखनको बढि भुकतानि ६३५० सहित</td></tr><tr><td>३</td><td>महादेव भट्ट</td><td>११</td><td>७००</td><td>१५००</td><td>१४०२५</td><td>६३२५</td><td></td></tr><tr><td colspan="6">जम्मा</td><td>२५३२५।</td><td></td></tr></table> | |
| ७१ | | | **पदाधिकारी भ्रमण-**<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ को दफा ३(१) सँग सम्वन्धित अनुसुची १(ख ) मा वडा अध्यक्षको दैनिक भ्रमण दर रु१२००।- का दरले हुने उल्लेख छ ।यस पालिकाले विभिन्न मितिमा वडा अध्यक्षहरुलाई दैनिक भ्रमण खर्च भुक्तानी गर्दा रु१६००।- का दरले निम्न अनुसार भुक्तानि गरेको हुँदा वढी भएको भुक्तानि रकम असुल गर्नु पर्ने रु<br><table><tr><td>सि नं</td><td>गो भौ नं र मिति</td><td>नाम</td><td>पद</td><td>भ्रमण दिन</td><td>हुनु पर्ने दर</td><td>भएको दर</td><td>वढी भुक्तानि रकम</td></tr><tr><td>१</td><td>२०६, २०७८/१०/६</td><td>मोहन चन्द्र</td><td>वडा अध्यक्ष</td><td>१२.५०</td><td>१२००</td><td>१६००</td><td>५०००</td></tr><tr><td>२</td><td>१९९, २०७८/१०/६</td><td>रण वहादुर वोहरा</td><td>वडा अध्यक्ष</td><td>१२.५०</td><td>१२००</td><td>१६००</td><td>५०००</td></tr><tr><td>३</td><td>१४९, २०७८/९/२१</td><td>चक्र प्रसाद शर्मा</td><td>वडा अध्यक्ष</td><td>१२.५०</td><td>१२००</td><td>१६००</td><td>५०००</td></tr><tr><td>४</td><td>१२०, २०७८/९/२०</td><td>गजेन्द्र सिंह रावल</td><td>वडा अध्यक्ष</td><td>२८</td><td>१२००</td><td>१६००</td><td>१५६०० (अन्तिम दिनको एक चौथाई</td></tr></table> | ३८,१०० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>३६३, २०७८/१२/१५</td><td></td><td></td><td></td><td></td><td></td><td>लिनु पर्नेमा धेरै लिइएको ४४०० सहित)</td></tr>
<tr><td>५</td><td>११२, २०७८/९/१९</td><td>नारायण प्रसाद भट्ट</td><td>वडा अध्यक्ष</td><td>६.५</td><td>१२००</td><td>१६००</td><td>२५००</td></tr>
<tr><td>६</td><td>२२४, २०७८/१०/२६</td><td>जय दत्त पन्त</td><td>वडा अध्यक्ष</td><td>१२.५</td><td>१२००</td><td>१६००</td><td>५०००</td></tr>
<tr><td></td><td colspan="6">जम्मा</td><td>३८१००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>बोडिङ्ग पास नरहेको -<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९को उपनियम १०अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्दछ । भ्रमण खर्च शिर्षकबाट दिपक राज भट्टलाई काठमाँडौ देखि धनगढि जाँदा र फर्किदाको भ्रमण खर्च रु १३३३०। भुक्तानि गर्दा बोडिङ पास संलग्न नराखि भुक्तानि गरेकोले बोडिङ पास पेश गर्नु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने ।रु</td><td>१३,३३०</td></tr>
<tr><td>७३</td><td>१६४</td><td>२०७८-९-२२</td><td>अघिल्लो आर्थिक वर्षको खर्च -<br>प्रदेश सरकार आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१ मा चालु बर्षको बजेटले नखामेमा खर्च व्यहोर्नु पर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली भुक्तानी दिन बाँकीको कच्चावारीमा प्रमाणित गराई राखेको अवस्थामा उक्त खर्चको भुक्तानी अर्को आर्थिक वर्षमा दिन सकिने उल्लेख छ।पालिकाले अघिल्लो आर्थिक वर्षको दिपक राज भट्टको सरुवा भ्रमण खर्च सम्वन्धि भुक्तानी गर्दा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित वेगर भुक्तानी गरेको नियमित देखिएन रु</td><td>३५,८००</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>विल बेगर भुक्तानी -<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९कोउपनियम १०अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्दछ । यस कार्यालयले देहायवमोजमको कारोवारमा विल वेगर भुक्तानि दिएको हुँदा सम्वन्धितबाट असुल गरी संचितकोषमा दाखिला गर्नु पर्दछ ।
<table>
<tr><td>सि नं</td><td>गो भौ नं र मिति</td><td>भुक्तानि पाउनेको नाम</td><td>शिर्षक</td><td>विल भर्पाई बेगर भुक्तानि रकम</td></tr>
<tr><td>१</td><td>४२३</td><td>दक्षिणकालि इन्कोरपोरेटेड</td><td>सवारी साधन मर्मत खर्च</td><td>१९२३३</td></tr>
</table>
</td><td>७३,४०८</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | २०७९/०१/०७ | | | |
| २ | ६१६ २०७९/०३/२५ | रेडियो नेपाल प्रदेशिक प्रशासन | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | १०००० |
| ३ | ६२७, २०७९/०३/२५ | गणेश कार्कि | सवारी साधन मर्मत खर्च | ३४४७५ |
| ४ | ६१६ २०७९/०३/२५ | रेडियो निग्लासैनि ९४ मेगाहर्ज | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | ९७०० |
| | | जम्मा | | ७३,४०८। |

७५

**भ्रमण खर्च -**

प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

७६

**फोटोकपी कर विजक-** २९,०६२

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९(१०)अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्दछ । यस पालिकाले देहायबमोजिमका भुक्तानीमा फोटोकपी विलका आधारमा भुक्तानि दिइएको हुँदा सक्कल कर विजक पेश गर्नु पर्ने रु

| सि न | गो भौ नं र मिति | नाम | शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | ३९३, २०७८/१२/१६ | वित्तिय सस्था कर्मचारी संघ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | १००००। |

| | | | | |
|---|---|---|---|---|
| ३ | ५८२, २०७९/०३/२४ | करन सिहं थापालाई | विविध खर्च | १९०६२। |
| जम्मा | | | | २९०६२। |

७७ **नपाउने भत्ता भुक्तानी -** ४६,००० 

निजामती सेवा ऐन, २०४९ को दफा ३२(१) मा निजामती कर्मचारीले आफ्नो धर्म, सस्कृति, परम्परा अनुसार मनाईने चाडपर्वको लागि कर्मचारीले खाइपाई आएको एक महिनाको तलव बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चका रुपमा पाउने छ भन्ने व्यवस्था छ ।यस पालिकाले देहायवमोजिमका कर्मचारीको पर्व खर्च भुक्तानिमा महंगी भत्ता र अन्य भत्ता सहित भुक्तानि दिईएकोले नियम विपरित गरिएको वढी भुक्तानि रकम असुल गर्नुपर्ने रु

| सि नं | नाम | पद | महंगी भत्ता | अन्य भत्ता | जम्मा भुक्तानि |
|---|---|---|---|---|---|
| १ | जय सिंह बोहरा | ईन्जिनीयर | २००० | | २००० |
| २ | सन्तोष खत्री | क. अ | २००० | | २००० |
| ३ | चक्रदेव बोकटी | अ.स.इ | २००० | | २००० |
| ४ | दिपेन्द्र प्र भट्ट | अ.स.इ | २००० | | २००० |
| ५ | महादेव भट्ट | अमिन | २००० | | २००० |
| ६ | सिद्धराज भट्ट | अ.स.इ | २००० | | २००० |
| ७ | अनिल नेगी | डाईभर | २००० | ६००० | ८००० |
| ८ | राजेन्द्र प्रसाद जोशी | डाईभर | २००० | | २००० |
| ९ | लोकेन्द्र चन्द | ह.स.चा | २००० | | २००० |
| १० | किशोर भट्ट | का.स | २००० | | २००० |
| ११ | नवराज भूल | कूचिकार | २००० | | २००० |
| १२ | जगदिश लोहार | कूचिकार | २००० | | २००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | महेश कोली | कूचिकार | २००० | | २००० |
| १४ | विमला चन्द | का.स | २००० | | २००० |
| १५ | खेमराज भट्ट | का.स | २००० | | २००० |
| १६ | भोजराज जोशी | का.स | २००० | | २००० |
| १७ | कमलापति भट्ट | का.स | २००० | | २००० |
| १८ | यज्ञराज भट्ट | का.स | २००० | | २००० |
| १९ | प्रेम सिंह भण्डारी | का.स | २००० | | २००० |
| २० | शंकर दत्त भट्ट | का.स | २००० | | २००० |
| | जम्मा | | ४०००० | ६००० | ४६००० |

७८

**निवृत भरण कोष -**

निवृतभरण कोष ऐन २०७५ को दफा १०(१) मा कार्यालयले कर्मचारीको तलव बाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सो मा नेपाल सरकारको तर्फ बाट सत प्रतिशत थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ। यस कार्यालयले देहायबमोजिमका कर्मचारीको मंसिर महिनाको पारिश्रमिक भुक्तानी गर्दा कर्मचारीको तलब बाट नियमानुसार कट्टि गर्नु पर्ने रकम कट्टि गर्दा अपुग कट्टि गरी थप गर्नु पर्ने रकम मात्र थप गरेको हुँदा कट्टि गर्न बाँकी रहेको रकम असुल गरी निवृत भरण कोषमा जम्मा गर्नु पर्ने रु

४२,३४८

| सि नं | नाम | कट्टि गर्नु पर्ने रकम | थप रकम | कट्टि गरेको रकम | कट्टि गर्न बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | तिर्थ राज लेखक | १७१७० | ८५८५ | १०३०२ | ६८६८ |
| २ | तारा कुमारी ऐर | १७१७० | ८५८५ | १०३०२ | ६८६८ |
| ३ | राजेन्द्र सिंह थापा | १७१७० | ८५८५ | १०३०२ | ६८६८ |
| ४ | लिला कुंवर | १८१२० | ९०६० | १०८७२ | ७२४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कविता भट्ट | १८१२० | ९०६० | १०८७२ | ७२४८ |
| ६ | दिपक राज भट्ट | १८१२० | ९०६० | १०८७२ | ७२४८ |
| | जम्मा | | | | ४२३४८। |

७९

**महङ्गि भत्ता -**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/१/२१ को निर्णयानुसार दरवन्दि भित्रका करार कर्मचारीहरुलाई दिने सुविधा सम्बन्धि मिति २०७४/१/२५ को पत्राचारमा करार कर्मचारीहरुको सुविधामा स्थानिय भत्ता र महङ्गि भत्ता नभएकोले करार कर्मचारीहरुलाई महङ्गि भत्ता र स्थानिय भत्ता उपलब्ध गराउन नहुने देखिन्छ । यस पालिकाले विभिन्न पदमा करार कर्मचारीहरु राखि महङ्गि भत्ता उपलब्ध गराएको पाइयो । मन्त्रिपरिषदको निर्णय विपरित करार कर्मचारीहरुलाई भुक्तानि भएको महङ्गि भत्ता मनासिब देखिएन रु

४८०,०००

| सि नं | नाम | पद | महंगी भत्ता |
|---|---|---|---|
| १ | जय सिंह बोहरा | ईन्जिनीयर | २४००० |
| २ | सन्तोष खत्री | क. अ | २४००० |
| ३ | चक्रदेव बोकटी | अ.स.इ | २४००० |
| ४ | दिपेन्द्र प्र भट्ट | अ.स.इ | २४००० |
| ५ | महादेव भट्ट | अमिन | २४००० |
| ६ | सिद्धराज भट्ट | अ.स.इ | २४००० |
| ७ | अनिल नेगी | डाईभर | २४००० |
| ८ | राजेन्द्र प्रसाद जोशी | डाईभर | २४००० |
| ९ | लोकेन्द्र चन्द | ह.स.चा | २४००० |
| १० | किशोर भट्ट | का.स | २४००० |
| ११ | नवराज भूल | कूचिकार | २४००० |

| | | | |
|---|---|---|---|
| १२ | जगदिश लोहार | कूचिकार | २४००० |
| १३ | महेश कोली | कूचिकार | २४००० |
| १४ | विमला चन्द | का.स | २४००० |
| १५ | खेमराज भट्ट | का.स | २४००० |
| १६ | भोजराज जोशी | का.स | २४००० |
| १७ | कमलापति भट्ट | का.स | २४००० |
| १८ | यज्ञराज भट्ट | का.स | २४००० |
| १९ | प्रेम सिंह भण्डारी | का.स | २४००० |
| २० | शंकर दत्त भट्ट | का.स | २४००० |
| | | | ४८००००। |

८०

**स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.९६०६५००।० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ११ जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३६ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | |
| २ | यातायात खर्च | | १२०००० | ३३०००० | | २१६००० | ६६६००० |
| ३ | टेलिफोन,मोबाइल | ८४००० | ७२००० | ५५८००० | ३३६००० | ८६४००० | १९१४००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>४</td><td>पुस्तक,पत्रीका,ईन्टरनेट</td><td>७८०००</td><td>६००००</td><td>६६००००</td><td>३३६०००</td><td>१०८००००</td><td>२२१४०००</td></tr><tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>१२००००</td><td>१०८०००</td><td>८५८०००</td><td>५७६०००</td><td>१७२८०००</td><td>३३९००००</td></tr><tr><td>६</td><td>अतिथि सत्कार</td><td>१३२०००</td><td>१२००००</td><td>१०५६०००</td><td></td><td></td><td></td></tr><tr><td>७</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>४८०००</td><td>४२०००</td><td>३३००००</td><td>२४००००</td><td>४३२०००</td><td>१०९२०००</td></tr><tr><td>८</td><td>चाडपर्व खर्च</td><td>२७५००</td><td>२५०००</td><td>१९८०००</td><td>८००००</td><td></td><td>३३०५००</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>९६०६५००</td></tr></table> | |
| ८१ | ३६२ | २०७८-११-१५ | **बैठक भत्ता -**<br>अर्थ मन्त्रालय द्वारा जारी कार्यसंचालन निर्देशिका २०७७ को ७.१.१मा स्पस्ट विषय वस्तु कार्ययोजना तथा कार्य शर्त सहित बैठक वस्नु पर्ने र एउटै निकाया वा अन्तरगतका पदाधिकारी कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नपाईने व्यवस्था छ ।यस पालिकामा निम्नबमोजिमका कर्मचारी मात्र विभिन्न मितिमा टेन्डर खोल्न र मूल्यांकन गर्न बैठक बसी भत्ता बुझेकोले सो मनासिव देखिएन रु<br><table><tr><td>सि नं</td><td>नाम</td><td>पद</td><td>बैठक संख्या</td><td>रकम</td></tr><tr><td>१</td><td>उद्धवदेव भट्ट</td><td>ले अ</td><td>१४</td><td>११९००</td></tr><tr><td>२</td><td>राजेन्द्र सिहं थापा</td><td>अधिकृत छैठौ</td><td>१४</td><td>११९००</td></tr><tr><td>३</td><td>जय सिहं वोहरा</td><td>ईन्जिनियर</td><td>१४</td><td>११९००</td></tr><tr><td>४</td><td>राम वहादुर चन्द</td><td>लेखापाल</td><td>१४</td><td>११९००</td></tr><tr><td>५</td><td>डम्बर सिंह थापा</td><td></td><td>१४</td><td>११९००</td></tr><tr><td>६</td><td>विक्रम वहादुर चन्द</td><td>प्र प्र अ</td><td>१४</td><td>११९००</td></tr><tr><td>७</td><td>टिकेन्द्र प्रसाद भट्ट</td><td>सू प्र अ</td><td>७</td><td>५९५०</td></tr></table> | १३९,४०० |

| | | | | |
|---|---|---|---|---|
| ८ | राजेश सिहं खत्रि | योजना शाखा | १४ | ११९०० |
| ९ | कविता भट्ट | स ई | १४ | ११९०० |
| १० | लक्ष्मण भट्ट | स ई | ५ | ४२५० |
| ११ | गोपाल चन्द | स ई | ११ | ९३५० |
| १२ | शन्तोष खत्री | क अ | १४ | ११९०० |
| १३ | राज वहादुर विष्ट | अधिकृत छैठौ | २ | १७०० |
| १४ | धौली भट्ट | सहायक पाँचौ | १ | ८५० |
| १५ | भुपेन्द्रराम टमटा | स ई | २ | १७०० |
| १६ | हेमराज बोकटी | कार्यालय सहयोगी | १ | ८५० |
| १७ | खेमराज भट्ट | कार्यालय सहयोगी | १ | ८५० |
| १८ | भोजराज जोशी | कार्यालय सहयोगी | १ | ८५० |
| १९ | किशोर भट्ट | कार्यालय सहयोगी | २ | १७०० |
| २० | शंकरदत्त भट्ट | कार्यालय सहयोगी | २ | १७०० |
| २१ | किशनदत्त भट्ट | कार्यालय सहयोगी | २ | १७०० |
| २२ | हर्क नेपाली | कार्यालय सहयोगी | १ | ८५० |
| जम्मा | | | | १३९४००। |

| | | | | |
|---|---|---|---|---|
| ८२ | | | **कार्य सम्पादन** | |

स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन (LISA रिपोर्ट) अनुसार यस पालिकाको निम्न कार्य तालिकामा उल्लेखित व्यहोरा अनुसार कुल १०० अंकमा ६३ अंक प्राप्त गरेको देखिन्छ । कार्य सम्पादनमा सुधार गरी उच्चतम अंक प्राप्त गर्न पालिकाको प्रयाश हुनुपर्दछ ।

| **आधार** | **प्राप्ताक** |
|---|---|
| १. शासकीय प्रवन्ध | ८/९.०० |
| २. संगठन तथा प्रशासन | ५.७५/८.०० |
| ३. वार्षिक बजेट तथा योजना व्यवस्थापन | ७.५/११.०० |
| ४. वित्तीय एवम् आर्थिक व्यवस्थापन | ७.५/११.०० |
| ५. सेवा प्रवाह | १०/१६.०० |
| ६. न्यायिक कार्य सम्पादन | ५.५/७.०० |
| ७. भौतिक पूर्वाधार | ३/१३.०० |
| ८. सामाजिक समावेशीकरण | ६.५/१०.०० |
| ९. वाताबरण संरक्षण तथा विपद व्यबस्थापन | ५.५/९.०० |
| १०.सहकार्य र समन्वय | ३.७५/६.०० |
| **जम्मा** | **६३/ १००** |

८३

**कारोवारको लेखा**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७. (१) मा आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ बमोजिम कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रूपमा राखु पर्ने नियम ५७. (२) बमोजिम भुक्तानी वा पेश्की फस्यौंटको लागि पेश हुने प्रत्येक बिल, भरपाई र सोसाथ संलग्न अन्य कागजातमा खर्च गर्ने व्यक्तिले तयार गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा पेश गर्नु पर्नेछ । त्यसरी पेश हुन आएको बिल, भरपाई तथा अन्य कागजातलाई खर्च स्वीकृत गर्ने अधिकारीले रकम भुक्तानी दिनु वा फस्यौट गर्नु अघि प्रमाणित गर्नु पर्ने व्यबस्था रहेको छ । यस पालिकाले लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रूपमा राखी प्रमाणित गरेको छैन । यस्तो कार्य मनासिब नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।

<table>
<tr><td>८४</td><td></td><td></td><td>बिज्ञापन दरमा छुट<br>पालिकाबाट हुने बिभिन्न बिज्ञापन प्रकासन गर्दा सम्बन्धित पत्रिकाले प्रकासन गरेको बिज्ञापनको दररेटमा न्युनतम १५ प्रतिशत छुट लिने गरेको देखिन्छ । तर मध्यान्न राष्ट्रिय दैनिकले निर्धारण गरेको प्रति सि सि प्रति कोलम रु.१४००।मा दर राखी बिभिन्न बिज्ञापन एजेन्सीबाट बिज्ञापन गराई भुक्तानी दिँदा कुनै छुट लिएको नदेखिएकोले छुट लिएर भुक्तानी दिने व्यबस्था कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८५</td><td>10</td><td>२० ७८ -८- २०</td><td>दम्कल मर्मत<br>दमकल मर्मत कार्यक्रमबाट से १ ज ९१ नम्बरको टिपर मर्मत कार्यको लागि इन्जिनियरिङ सर्भिसेज प्रा.ली. लाई पेश भएको विल भर्पाइ र दाखिला प्रतिवेदनको आधारमा लागत अनुमान, कोटेशन तथा सिलवन्दी, कार्य सम्पन्न प्रतिवेदन लगाएतका कागजात संलग्न नगरी रु.५३५७६६।४९ भुक्तानी गरेको रकम नियमसंगत मान्न नसकिएको रु.</td><td>५३५,७ ६६</td></tr>
<tr><td>८६</td><td></td><td></td><td>अन्य संस्थालाई अनुदान<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>भुक्तानी लिने संस्थाको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>९७-१०।६</td><td>बैतडी घरेलु तथा साना उद्योग संघ</td><td>महाधिवेशन प्रतिवेदनमा सहभागि हुन</td><td>२५०००.०</td></tr>
<tr><td>१४३-१०।२८</td><td>सिमा प्रहरी चौकी झुलाघाट</td><td>प्रहरी चौकी व्यवस्थापन खर्च</td><td>२००००.०</td></tr>
<tr><td>२२१-११।४</td><td>नेपाल रेडक्रसश सोसाईटी जिल्ला शाखा बैतडी</td><td>गोदाम घर निर्माण</td><td>२५००००.०</td></tr>
<tr><td>६७-९।२१</td><td>नेकपा एकिकृत समाजवादी पार्टी बैतडी</td><td>कार्यालय व्यवस्थापन</td><td>२८२५०.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>प्रोत्साहन भत्ता<br>कर्मचारीलाई खाजा खर्च तथा प्रोत्साहन भत्ता भुक्तानी गर्दा अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७५ को बुँदा नं. ७.१.४ अनुसारको प्रक्रिया पुरा गरेर मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले देहायबमोजिमका पदाधिकारीलाई निर्देशिकाको व्यवस्था पुरा नगरी तथा निर्णय नै नगरी वडाको निर्णयको आधारमा सोझै प्रोत्साहान भत्ता भुक्तानी गरेको रकम नियमसम्मत मान्न नसकिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>प्रोत्साहन भत्ता लिनेको नाम</th><th>कार्यक्रम</th><th>रकम</th><th>कैफियत</th></tr>
</table></td><td>५३,०० ०</td></tr>
</table>

|  |  |  |  |  |  |
|---|---|---|---|---|---|
| १ | २३५-११।६ | सामाजिक परिचालक श्री माया चन्द | वार्षिक वडा वजेट वडा नं.१० | ३५०००.० | कुन अवधिमा के कार्य गरेको आधारमा प्रोत्साहन दिएको उल्लेख नभएको । |
| २ | ५०-९।२१ | का.स. गणेश बोहरा | वार्षिक वडा बजेट वडा नं. २ | १८०००.० |  |
|  | जम्मा |  |  | ५३०००.० |  |

८८ **सार्वजनिक सुनुवाई कार्यक्रम** १५७,५००

पालिकाले सार्वजनिक सुनुवाई कार्यक्रम आफ्नै जनसक्तिबाट सञ्चालन नगरी सोझै घनघश्या कानुनी परामर्श तथा अनुसन्धान केन्द्रसँग सम्झौता गरी कार्यक्रम सञ्चालन बापत रु.१५७५००.० भुक्तानी गरेको छ । उक्त संस्थाले कार्यक्रम सञ्चालन पश्चात एकमुष्ट रुपमा मु.अ.कर विल जारी गर्नुपर्नेमा फुटकर विल तथा भर्पाइ पेश गरेको आधारमा संस्थालाई भुक्तानी दिएको देखिन्छ । अतः कार्यालय बाहिरको संस्थाबाट कार्यक्रम सञ्चालन गर्दा मु.अ.कर विल अनिवार्य रुपमा पेश गर्ने व्यवस्था हुनुपर्ने रु.

८९ **पेश्की बाँकी** ५,५४२,६३०

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ अनुसार कुनै कार्यक्रमको लागि लिएको पेश्की कार्यक्रम समाप्त भएको ३५ दिन भित्र आवश्यक प्रमाण कागजात संलग्न राखी फस्यौंट गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फस्यौंट नगरेकोले नियमानुसार पेश्की फस्यौंट गर्नुपर्ने रु

| सि नं | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्कीको प्रकार | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|---|
| १ | वार्षिक वडा वजेट वडा नं ६ | गजेन्द्र सिंह रावल | पदाधिकारी | ४२००००। |  |
| २ | आर्थिक सहायता | जयन्ती बोहरा | पदाधिकारी | ५००००। |  |
| ३ | मसलन्द तथा कार्यालय सामाग्री | डम्बर सिंह थापा | कर्मचारी | १०००००। |  |
| ४ | संचार सामाग्री प्रसारण तथा छपाई | राजेन्द्र सिंह थापा | कर्मचारी | २४००००। |  |
| ५ | घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धि तालिम तथा अभिमुखिकरण | राजेन्द्र सिंह थापा | कर्मचारी | २६००००। |  |
| ६ | औषधी उपचार खर्च | बिनोद बहादुर चन्द | कर्मचारी | १००००। |  |
| ७ | अपाङ्ग प्रमाण पत्र वितरण | लक्ष्मी बिष्ट | कर्मचारी | १५०००। |  |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निसुल्क गर्भपतन कार्यक्रम | गुरुखोला, देहिमान्डु, दुर्गाभवानी ,दशरथचन्द, थालीगाडा, शेरा, सुर्काला, त्रिपुरा, जोशिबुन्गा, बाराकोट, नागार्जुन स्वास्थ्य चौकी | सस्थागत | ४५५०००। | |
| ९ | खोली जर्ग सडक द.न.पा ४ | बिग बि एण्ड कम्पनी | सस्थागत | ४१३६३०। | |
| १० | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निसुल्क गर्भपतन कार्यक्रम | सडेखोला सामुदायिक स्वास्थ्य इकाई | सस्थागत | ११५०००। | |
| ११ | पोषण सुधारका लागि विपन्न समुदायका महिला वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान | कैपाल आमा समुह | उपभोक्ता समिति | २०००००। | |
| १२ | समपुरक कोष तर्फ | छेला दुर्गा भवानी सडक निर्माण उ स | उपभोक्ता समिति | ४१४०००। | |
| १३ | तडिखेत, लिठिगाड, घट्टीगाड, असिमकेदार द. न पा बैतडी | घट्टीगाड स्टिल ट्रस निर्माण उपभोक्ता समिती | उपभोक्ता समिति | २०००००। | |
| १४ | तडिखेत, लिठिगाड, घट्टीगाड, असिमकेदार द. न पा बैतडी | असिमगाड झो. पु उपभोक्ता समिति | उपभोक्ता समिति | २०००००। | |
| १५ | सुरक्षित नागरिक आवास कार्यक्रम | भुपेन्द्र टमटा | व्यक्तिगत | २१०००००। | |
| १६ | औषधि उपचार खर्च | नरेन्द्र सिंह थापा | व्यक्तिगत | ३५००००। | |
| १७ | बहुउद्येशिय भवन निर्माण | न्यु डाईगन/फ्युचरल्याण्ड जे.भी | ठेकेदार | | ६१९४०००। |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५५४२६३०।</td><td>६१९४०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९०</td><td></td><td></td><td>
लेखा फाराम<br>
महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार यस कार्यालयले निम्न अनुसारका नयाँ लेखा फारामहरु प्रयोगमा ल्याउनु पर्नेमा ल्याएको देखिएन । तोकिए फारामहरु प्रयोगमा नल्याउदा पालिकाको लेखा तथा जिन्सीलगायतका अभिलेख अद्यावधिक र भरपर्दो रहेका छन भनि विश्वस्त हुने अबस्था रहेन । तोकिए अनुसारका सबै म.ले.प.फाराम प्रयोगमा ल्याउनु पर्दछ ।<br>
राजश्व लेखासम्बन्धी फारामहरु<br>
नगदी/प्राप्ती रसिद १०१, दैनिक राजस्व/आम्दानी खाता १०२, गोस्वारा भौचर(राजश्व) १०३, राजश्व/आम्दानीको शीर्षकगत खाता १०४, राजश्व आम्दानीको गोस्वारा खाता १०५, राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता 106, राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोस्वारा खाता १०७, राजश्व आम्दानी बैंक नगदी किताब १०८<br>
<br>
जिन्सी तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी फारामहरु<br>
जिन्सी निरीक्षण फाराम ४११, जिन्सी सहायक खाता ४१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता ४१५, घर जग्गाको लगत किताब ४१७,<br>
<br>
धरौटीसम्बन्धी फारामहरु<br>
व्यक्तिगत धरौटी खाता ६०१, गोश्वारा धरौटी खाता ६०२, धरौटीको बैंक नगदी किताब हिसाब खाता ६०३<br>
<br>
आन्तरिक नियन्त्रणसम्बन्धी फारामहरु<br>
रसिद नियन्त्रण खाता 904, सवारी साधन र मेसिन प्रयोगको लगबुक 905, भ्रमण प्रतिबेदन 909
</td><td></td></tr>
<tr><td>९१</td><td></td><td></td><td>
दोहोरो सुरक्षा भत्ता<br>
आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमालवली, २०७७ नियम ३९ अनुसार रित पुगे नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाका विभिन्न वडामा सामाजिक सुरक्षा रकम वितरण गर्दा निम्न सेवाग्राहीलाइ दोहोरो भुक्तानी दिएको पाइयो । दोहोरो परेको रकम सम्वन्धितबाट असुल हुनुपर्ने रु.<br>
<table>
<tr><td>क्र.स.</td><td>सामाजिक सुरक्षाको प्रकार</td><td>लाभग्राहीको नाम</td><td>जन्ममिति</td><td>प्रमाणपत्र नम्बर</td><td>किस्ता रकम</td></tr>
<tr><td></td><td colspan="5">वडा नं. १</td></tr>
</table>
</td><td>१२,७६८</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>बालपोषण क्षेत्र</td><td>रोजलीना भट्ट</td><td>२०७६/११/३०</td><td>१९</td><td>१५९६*२=३१९२</td></tr>
<tr><td></td><td colspan="5">वडा नं. २</td></tr>
<tr><td>२</td><td>बालपोषण क्षेत्र</td><td>अनुष्का थलाल</td><td>२०७४/०५/०४</td><td>९२</td><td>१५९६*२=३१९२</td></tr>
<tr><td>३</td><td>बालपोषण क्षेत्र दलित</td><td>युनिषा बोहरा</td><td>२०७७/३/१४</td><td>९६</td><td>१५९६*३=४७८८</td></tr>
<tr><td>४</td><td>बालपोषण क्षेत्र दलित</td><td>मनुष्का लुहार</td><td>२०७७/३/१४</td><td>६०</td><td>१५९६</td></tr>
<tr><td></td><td colspan="3"></td><td>जम्मा</td><td>१२,७६८।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९२</td><td></td><td></td><td>सामाजिक सुरक्षा वितरण<br>पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत तिन वटा बैंकबाट जम्मा रु.१६७९०११५५।० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।</td><td></td></tr>
<tr><td>९२.१</td><td></td><td></td><td>रिभर्स फिडः पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि एकमुष्ट रुपमा फर्वाड फिड तयार गरी सम्पुर्ण रकम सम्बन्धित व्यक्तिको खातामा रकम जम्मा गर्ने गरी बैकमा निकासा पठाउने गरेको र बैंकले सोही अनुसार खातामा रकम जम्मा गरेको उल्लेख गरी रिभर्स फिड पालिकामा उपलब्ध गराउने गरेको छ । यसरी उपलब्ध गराएको विवरणको प्रमाणित कागजात उपलब्ध नगराइ सफ्टकपी उपलब्ध गरएको आधारमा रकम खर्च भएको पालिकाले उल्लेख गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरण गराएको विवरण बैंकबाट प्रमाणित गराइ राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९२.२</td><td></td><td></td><td>लाभग्राहीको विवरण अध्यावधिक नभएको –सामाजिक सुरक्षा नियमावली, २०७७ को नियम ९ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण नविकरण गरी अध्यावधिक गराइ राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सबै लाभग्राहीको विवरण सम्बन्धित लाभग्राहीको उपस्थितिमा नगराइ एकमुष्ट रुपमा गरेको देखियो । नियमावलीमा व्यवस्था भए बमोजिम नविकरण तथा विवरण अध्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९२.३</td><td></td><td></td><td>निष्क्रिय खाताको विवरण नभएको-सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंकमा मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ९२.४ | | | **KYC अध्यावधिक नभएको सम्बन्धमा**–सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ९३ | | | सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐनस्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा पालिकाबाट सम्परीक्षणको लागि अनुरोध भएको छैन । नियमानुसार बाँकी बेरुजु असुल फस्योंट गरी सम्परीक्षण गर्नुपर्दछ । | |